जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ८ अंक ४०, २०७६ साल माघ २४ गते शुक्रबार, नेपाल संवत् ११४० (Feb. 7, 2020) Website : www .greaternepal.com.np मूल्य रु. १० ।-

## कोषको नियमावली संशोधन

काठमाडौं । लुम्बिनी विकास कोषको सञ्चालक समितिले हालै वरिष्ठ कर्मचारीलाई नै सदस्य सचिवमा मनोनित गर्ने गरी नयाँ विनियमावली संशोधन गरेको छ। साविक विज्ञापन गरी प्रतिस्पर्धा प्रतियोगितामा २१ ज्ना उम्मेदवारलाई उपेक्षा गरी कर्मचारीको डिजाइनमा विनियमावली रातारात परिवर्तन गरिएको छ । उक्त विनियमावली परिवर्तन गर्ने योजना र जालसाजीमा कोषका कर्मचारीले रु. १२ करोडसम्म खर्च लगानी गरेको आरोप छ। **बाँकी ८ पेजमा**

## पशुपति क्याम्पसमा सम्मानको विरोध

काठमाडौं । काठमाडौं चावहिलस्थित पशुपति बहुमुखी क्याम्पसको ४० औं वार्षिकोत्सव सम्पन्न भएको छ। २०७२ सालपछि भएको यस वार्षिक भेलामा क्याम्पस सञ्चालक समिति र क्याम्पस प्रशासनप्रति असन्तुष्टि व्यक्त गरिएको छ।

३ वर्षको वार्षिक भेलामा पुरस्कृत र सम्मान गर्ने व्यक्तिहरु विवादित रहेको पनि गुनासो छ । रु.५००० नगद र सम्मान प्रमाणपत्र क्याम्पस प्रमुखदेखि क्याम्पस उपपमुख आफैंले लिएको आरोप छ। **बाँकी ८ पेजमा**

# सैन्यस्वार्थको आर्थिक प्याकेज : एमसीसी

मघ १५ गतेदेखि काठमाडौंमा प्रारम्भ भएको सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) केन्द्रीय समितिको दोस्रो पूर्ण बैठक ११ वटा प्रस्ताव पारित गर्दै माघ १९ गते सम्पन्न भयो । बैठकमा नेताहरुको सम्पत्ति, सरकारको कार्यशैली, महिला हिस्सेदारी लगायत थुप्रै विषयमा छलफल भए । विवादित 'यति समूह' सँगको निकटता अनि उसैसँग सती जानुपर्ने किन ? भन्ने विषयदेखि नेताहरुको सम्पत्ति छानबिन आयोगको गठन माग गरिएकोमा अनुशासन समितिले सो काम गर्ने भएको छ । अमेरिकाले चीनलाई घेर्ने 'इन्डो प्यासिफिक इट्राटेजी (आइपीएस) ल्याएको भन्ने आशयको भाषा प्रयोग गरिएकोमा त्यसलाई हटाइएको छ । बैठकमा धेरै चर्चा पाएको विषय थियो- अमेरिकी मिलेनियम च्यालेन्ज कर्पोरेसन एमसीसी ।

एमसीसी प्रतिवेदनका सन्दर्भमा अहिलेकै अवस्थामा एमसीसी अनुमोदन नहुने र विज्ञ समिति बनाउनुपर्ने सदस्यले बैठकमा माग गरेका थिए । सोहीअनुसार केन्द्रीय समितिले वरिष्ठ नेता झलनाथ खनालको संयोजकत्वमा भीम रावल र परराष्ट्र मन्त्री प्रदीप ज्ञवाली समेतको तीन सदस्यीय अध्ययन कार्यदल गठन गरेको छ । दुवै अध्यक्षको तर्फबाट कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले बैकठको सुरुकै दिन पेसा गरेको राजनीतिक प्रतिवेदनमा एमसीसीबारे कुनै उल्लेख थिएन । तर बैठकको उद्घाटन सत्रमा दुई घण्टा लामो मन्तव्य राखेका पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले भने एमसीसीको पृष्ठभूमिसहित यसको औचित्य पुष्टि गर्न लामो समय खर्चेका थिए। त्यतिमात्र होइन, ओलीले एमसीसीबारे बुझेर मात्र बोल्न नेताहरुलाई सजग गराएका थिए । नेकपाको केन्द्रीय सचिवालयमै एमसीसीलाई लिएर नेताहरुको फरक फरक मत रहँदै आएको थियो । यही कारण पुस ६ गते सकिएको स्थायी समिति बैठकले एमसीसीबारे अन्तिम निर्णय लिन सचिवालयलाई जिम्मा दिए पनि यसबारे निर्णय हुन सकेको थिएन ।



तर प्रधानमन्त्री ओलीको सम्बोधन लगत्तै बैठकमा एमसीसीलाई भिन्नै एजेन्डा बनाएर छलफल गर्न माग गर्दै अधिकांश केन्द्रीय सदस्यले आवाज उठाएपछि नेतृत्वमाथि दबाब पर्‍यो । यही कारण नेकपा एमसीसी अध्ययन कार्यदल गठन गर्न बाध्य भयो। अध्ययन कार्यदलका संयोजक रहेका जेएन खनाल र सदस्य भीम रावल एमसीसीको विपक्षमा उभिएका नेकपाका नेताहरु हुन् भने प्रदीप ज्ञवाली एमसीसी पक्षधर हुन्। नेकपाले एमसीसीलाई केन्द्रीय समितिमा प्रवेश गराएपछि विवाद पेचिलो मात्र बनेन कार्यदल गठन गरेर एमसीसीबारे आगामी दिनमा झनै जटिलता निम्तिने देखिएको छ । एमसीसीको विपक्षमा उभिएका सदस्यको बहुमत हुने गरी कार्यदल गठन गरिएकाले एमसीसी सदनबाट तत्काल पारित नहुने आशंका समेत गरिएको छ।

१० दिनको म्याद पाएको कार्यदलले पहिलो बैठक गरी काम भने थालिसकेको छ । ओली र दाहाल आफ्ना पूर्व अडानबाट पछि हटेर कार्यदलमा निर्भर हुने अवस्था आएको छ । कार्यदलले एमसीसी पारित नगर्ने सुझाव दिएमा पार्टी नेतृत्वले त्यसलाई मान्छ मान्दैन त्यो नै अहँ विषय हो । यदि ओली र दाहालले कार्यदलको सुझाव नमान्ने हो भने कार्यदल गठनको औचित्य के ? भन्ने प्रश्नको जवाफ उनीहरुले कसरी दिने हुन् भन्ने उत्सुकता सबैमा हुनेछ।

पार्टीभित्र मात्र होइन, नेकपाका कतिपय सांसदले संसदमै समेत एमसीसीको विरोध गर्दै आएका छन् । उनीहरुले यसलाई 'इन्डो प्यासिफिक स्ट्राटेजी' को अभिन्न अंगका रुपमा व्याख्या गरेका छन् । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस एमसीसीको पक्षमा स्पष्ट छ, ऊ एमसीसी सदनबाट पारित गराउनुपर्छ भनिरहेको छ । नेकपाभित्र भने यसले असहज स्थिति उत्पन्न गराएको छ। सरकारका प्रवक्ता गोकुलप्रसाद बाँस्कोटाले भनेका छन्- एमसीसी सहयोग सैन्य गतिविधिसँग सम्बन्धित छ भनेर स्यालले जस्तो कराउनुको कुनै अर्थ छैन । विकासका लागि आउने सहयोगमा अवरोध गर्ने गरी बहस गर्नु भनेको राष्ट्रवादको जामाभित्र अरुलाई राष्ट्रघाती देखाएर विकास, समृद्धि र परिवर्तनको योजनालाई रोक्ने प्रयत्न हो । सत्तामा रहेकाहरुले विरोधमा उठेका आवाजलाई डर देखाएर, धम्क्याएर होइन, औचित्य, आवश्यकता र प्रक्रियाका सम्बन्धमा बुझाएर, स्पष्ट पारेर विरोधका स्वरहरुलाई साम्य पार्न सक्नुपर्छ, समर्थन जुटाउनुपर्छ।

विश्वव्यापीकरणको यस युगमा विकासका अन्तर्राष्ट्रिय सहयोग र साझेदारीको अपरिहार्यतालाई नकार्न सकिँदैन । अझ हाम्रो जस्तो कमजोर सामाजिक आर्थिक स्थिति रहेको मुलुकमा बाह्य मुलुक र अन्तर्राष्ट्रिय दातृ संस्थाको ठूलो आवयकता हुन्छ। एमसीसी संयुक्त राज्य अमेरिकाको अल्पविकसित मुलुकहरुको विकासमा सहयोग गर्ने कार्यक्रम भनिएको छ । तर यो सहयोगको आवरणमा सम्बन्धित मुलुकलाई अमेरिकी प्रभावमा पार्ने कार्यक्रम नै हो । चीनको बीआरआई परियोजनालाई **बाँकी ८ पेजमा**

## संवैधानिक सीमा बाहिर राष्ट्रपति



काठमाडौं। मुलुकमा गणतन्त्र स्थापना भएपछि राष्ट्रपतिलाई आलंकारिक भूमिका प्रदान गरिएको भए तापनि व्यवहारमा भने त्यो देखिँदैन । जनताले राजा र राष्ट्रपतिबीच परक खोजेका थिए र छन् पनि। तर गणतन्त्रका राष्ट्रपतिलाई निरंकुश राजतन्त्रका राजाले के के गर्थे त्यही त्यही कुराको कपी गर्न लगाउँदा जनताले असजिलो महसुस गरेका छन् । माघ १६ गते सहिद दिवसकै दिन वसन्त पञ्चमी परेको थियो । उक्त दिन सर्वसाधारणदेखि राजनीतिक दलका नेता कार्यकर्ताहरु सहिदगेटमा भेला भएर सहिदप्रति श्रद्धाञ्जली व्यक्त गर्दै थिए। यसैबीच प्रहरीले आएर राष्ट्रपति वसन्तपुरमा वसन्त श्रवण गर्न जाने भएकाले सवारी मार्ग खाली गर्ने भन्दै सहिद गेट परिसरबाट मानिसहरुलाई हटाउन थाल्यो । बाटो खुला पार्ने बित्तिकै राष्ट्रपतिको सवारी त्यही बाटो हुँदै वसन्तपुरतर्फ लाग्यो।

वसन्त श्रवण त एउटा उदाहरण मात्र भयो, प्रायः निरंकुश राजाले गर्ने सबै काम गणतन्त्रका राष्ट्रपतिमार्फत अझ ठूलो तामझामका साथ गर्न लगाएर सरकारले राष्ट्रपति सिंगो देशको अभिभावक भए तापनि एउटा पार्टी विशेषको राजनीतिमा ध्यान दिने र नेताहरुलाई निवासमा बोलाएर छलफल, निर्देशन दिने जस्ता काम गरेको प्रति पनि **बाँकी ८ पेजमा**

## शम्भुरामको १४ औं स्मृति दिवस

काठमाडौं । नेपाली कम्युनिस्ट आन्दोलनका अग्रजमध्येका एक क.शम्भुराम श्रेष्ठलाई नेपाल कम्युनिस्ट पार्टी मालेले सम्झना गर्दै उहाँको १४ औं स्मृति दिवस मनाएको छ। क.शम्भुराम श्रेष्ठको जन्म वि.सं. १९७८ कात्तिक १४ गते काठमाडौंमा भएको थियो । उहाँले निरंकुश जहानियाँ राणा शासनको क्रुरताविरुद्ध कक्षा ९ मा पढ्दै गर्दा वि.सं. १९९७ सालदेखि नै लड्न सुरु गर्नुभएको थियो । बुबा स्व.गोविन्ददास श्रेष्ठ र आमा स्व.सानुनानी श्रेष्ठको सुपुत्र शम्भुराम श्रेष्ठ जब राणा विरोधी नेपाल प्रजापरिषद्को आन्दोलनलाई क्रुर र अमानवीय तवरले राणा शासक वर्गले दमन गरे तब राणा शासन समाप्त गर्ने अठोट लिएर विद्रोहमा उत्रिएका थिए।

वि.सं. १९९८ वैशाख २० गते प्रेमबहादुर कंसाकार, सूर्यबहादुर भारद्वाज, पुष्पलाल श्रेष्ठ र शम्भुराम श्रेष्ठले मासाङगल्लीस्थित कंसाकारको घरमा पहिलो औपचारिक बैठक गरी एउटा




नयाँ भूमिगत राजनीतिक संगठन निर्माण गरेका थिए । प्रजापरिषद् आन्दोलनका सबैलाई राणाहरुले गिरफ्तार गरेकाले आन्दोलनलाई अवसान हुन नदिन उक्त भूमिगत संगठनको नाम नेपाल प्रजापरिषद् नै दिने निर्णय गरिएको थियो । वि.सं. १९९९ मा नेपाल प्रजापरिषद्लाई नेपाल प्रजातन्त्र संघमा परिवर्तन गरियो । शम्भुरामले वि.सं. २००० मा जेलबाट भागेर आएका कांग्रेस नेता गणेशमान सिंहलाई सुरक्षित रुपले उपत्यका बाहिर लगेका थिए । बीपी कोइरालाको नेतृत्वको नेपाली राष्ट्रिय कांग्रेसको स्थापना सम्मेलनको राजनीतिक कार्यक्रमको घोषणापत्रमा 'नेपाल भारतको एक अंग हो' भन्ने लेखियो। जसलाई श्रेष्ठले तीव्र विरोध गरेका थिए। **बाँकी ८ पेजमा**

## वाइडबडीमा भ्रष्टको पालो कहिले ?

काठमाडौं । चर्चित ललित निवास जग्गा प्रकरणमा अख्तियारले १७५ जनालाई कानुनी कठघरामा उभ्याएको छ । पूर्वउपप्रधानमन्त्रीदेखि अख्तियारकै पूर्वप्रमुख आयुक्तसम्म प्रतिवादी रहेको यस मुद्दाम सुरुदेखि नै चर्चामा रहँदै आएका नेकपा महासचिव विष्णु पौडेलले भने उन्मुक्ति पाएका छन् । सर्वोच्च अदालतमा न्यायाधीश कुमार रेग्मीले पनि जग्गा फिर्ता गर्ने शर्तमा छुट पाएका छन् । अख्तियारले चालेको भ्रष्टाचार विरुद्धको यो साहसिक कदममा केही प्रश्न उठे तापनि अब उपल्लो तहका व्यक्तिहरु समेत अख्तियारको फन्दामा फस्दै जाने स्पष्ट संकेत देखिएको छ।

ललिता निवास जग्गा प्रकरण जस्तै ठूलो चर्चामा रहेको वाइडबडी जग्गा खरिद प्रकरणमा ६ अर्ब भ्रष्टाचार गर्ने भ्रष्टहरु अहिले पनि छाडा साँढेझैं डुक्रिँदै घुमिरहेकाले यिनीहरुको पालो कहिले आउला भनेर सर्वसाधारण व्यग्र प्रतिक्षामा रहेका छन् । अहिले नेपाल वायुसेवा निगमले ५ **बाँकी ८ पेजमा**

## शर्मा अब सम्झनामा मात्र



काठमाडौं। ७२ वर्षको उमेरमा वरिष्ठ पत्रकार दुर्गानाथ शर्माको निधन भएको छ । राजधानीको मनमोहन अस्पतालमा उपचारका क्रममा उहाँको निधन भएको परिवार स्रोतले जनाएको छ। उहाँ मुटुसँग सम्बन्धित रोगबाट ग्रसित हुनुहुन्थ्यो । छातीमा संक्रमण भएका कारण उहाँलाई पाँच दिनअघि गंगालाल अस्पतालमा भर्ना गरिएको थियो। उहाँलाई मंगलबार साँझ मनमोहन अस्पताल रेफर गरिएको थियो । उहाँको अन्तिम संस्कार हिजो पशुपति आर्यघाटमा **बाँकी ८ पेजमा**

## नेपाललाई दिने अनुदान घटाइयो

काठमाडौं । अघिल्लो बजेटमा नेपाललाई दिने अनुदान बढाएको भारतले यो वर्ष घटाएको छ। नेपाललाई दिने अनुदानमा अघिल्लो वर्षको तुलनामा साढे १ अर्ब भारुले कमी गरिएको छ।


यस वर्ष उसले ८ अर्ब भारु (अर्थात् १२ अर्ब ८० करोड नेपाली रुपैयाँ) मात्रै अनुदान दिने छ। अघिल्लो वर्ष सुरुमा १०.५ अर्ब भारु अनुदान दिने घोषणा गरेको भारतले पछि २ अर्ब थप गरेको थियो। यसअघि गत फागुनमा पेस गरिएको अन्तरिम बजेटमा नेपालका लागि ७ अर्ब भारु (११.२ अर्ब रुपैयाँ) अनुदान दिने घोषणा गरिएको थियो।

भारतीय बजेट प्राथमिकतालाई हेर्ने हो भने नेपालको कृषि क्षेत्रमा प्रत्यक्ष प्रभाव पर्ने सम्भावना छ। कृषि उपज थप सस्तो हुँदा त्यसको प्रत्यक्ष असर नेपालमा पर्न सक्छ। भारतीय कृषि उत्पादनले नेपालमा **बाँकी ८ पेजमा**

## उपत्यकामा खतराको घण्टी बजाउँदै वायू प्रदूषण

**समय सन्दर्भ**

■ **गणेश पराजुली**



वायु प्रदुषण भन्नाले विभिन्न रासाईनिक पदार्थ, धूलो, धुँवा आदि स्वच्छ हावामा मिसिन गई प्रदूषित वन्ने प्रक्रिया हो । अव्यवस्थित विकाश निर्माणकासाथसाथै मानव जीवनलाई सहज तुल्याउने अभिप्रायले गरिएका विभिन्न मानविय कियाकलावका कारण स्वच्छ हावा मा त्यस प्रकारको परिवर्तन आउने गरेको छ । यस्तो परिवर्तनले खासगरी अहिले काठमाण्डौ उपत्यका र नेपालका अन्य प्रमुख शहरहरु आकान्त छन्। यी शहरहरुको वायु प्रदुषणको स्तर विश्व स्वास्थ्य संगठन (डव्ल्यूएचओ)ले तोकेको मापदण्ड भन्दा कयौ गुना वढिरहेको अध्ययनहरुले देखाएका छन्।

कस्तो छ उपत्यकाको अवस्था ?

काठमाण्डौंउपत्यका समुद्रसतहबाट



करिव १ हजार ३ सय मिटरभन्दा माथि उचाईमा रहेको छ। संवेदनशिल भूवनौट रहेको यस उपत्यकामा करीब ५० लाख जति मानिसको बसोवास रहेको अनुमान छ। यहाँ चल्ने सवारी साधनको संख्या करिव १५ लाखको हाराहारीमा रहेका छन् । निर्वाध सञ्चालित पुराना सवारी साधन, इँटाभट्टाको धुलोधुँवा, अव्यवस्थित सहरीकरण, निर्माणक्रममा लामो समयसम्म अस्तव्यस्त रहेने सडक, यत्रतत्र थुपारिएका फोहरमैला उपत्यकामा वायु प्रदुषण वढाउन जिम्मेवार छन् । वातावरण विभागको एक अध्ययनले काठमाडौं उपत्यकाको वायु प्रदुषणमा मूलतः४० प्रतिशत सवारीसाधन, १८ प्रतिशत कृषि तथा कृषिजन्य वस्तुबाट निस्कने धुलोधुँवा र ११ प्रतिशत ईट्टाभट्टा जिम्मेवार देखाएको छ।

नेसनल एटमस्फेरिक रिसोर्स एण्ड इन्भारन्मेन्टल रिसर्च लेवोरेटोरी (नारेल) कीर्तिपुरको एक अध्ययन अनुसार काठमान्डौ उपत्यकावाट दैनिक रुपमा त्क्ए १६१.६ टन, नाईट्रोजनडाईअक्साइड ४३.३ टन, कार्वनमोनोअक्साइड ८४०.९ टन प्रदूषक वायुमण्डलमा उत्सर्जन हुने गरेको छ । काठमाण्डौको हावामा पीएम १० भन्दा हानिकारक मसिना पीएम २.५ नामका धूलोका कण अत्यधिक रहेको पाईएको छ। अत्यान्तै मसिना धुँलाकायी कणहरु सजिलैसँग मानिसको फोक्सो र मुटुसम्म पुग्न सक्छन् जो क्यान्सर, **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल)

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# भ्रष्टाचारीलाई नछोड


अख्तियार दुरूपयोग अनुसन्धान आयोगले चर्चित ललिता निवास जग्गा प्रकरणमा १७५ जनाविरूद्ध विशेष अदालतमा बुधबार मुद्दा दायर गरेको छ । प्रतिवादीसँग नौ अर्ब आठ करोड १४ लाख रूपैयाँको बिगो माग दाबी गरिएको छ । अख्तियारले भ्रष्टाचार प्रकरणमा यति धेरै जना र यति प्रभावशाली व्यक्तिहरूलाई मुद्दा दायर गरेको यो पहिलो घटना हो । अख्तियारले जग्गा फिर्ता गर्छु भन्ने आश्वासन दिएका भरमा नेकपाका महासचिव विष्णु पौडेल र सर्वोच्च अदालतका न्यायाधीश कुमार रेग्मीलाई उन्मुक्ति दिने अनौठो निर्णय गरेको छ । त्यसैगरी पूर्वनिर्वाचन आयुक्त सुधिरकुमार शाहलाई पनि आयोगले अनुसन्धानको दायरामा ल्याएन । पूर्वप्रधानमन्त्रीहरू माधवकुमार नेपाल र बाबुराम भट्टराईका विषयमा भने क्याबिनेट निर्णयमाथि अख्तियारले प्रवेश गर्न नपाउने संवैधानिक प्रावधानका कारण कुनै चासो दिएन ।

पूर्वउपप्रधानमन्त्री, पूर्वमन्त्री, अख्तियारका पूर्वप्रमुख आयुक्त, पूर्वसचिवजस्तो भीआईजी प्रोफाइल बनाएका व्यक्तिहरू अख्तियारको निसानामा परेपछि अख्तियारले साना माछा मात्र समात्छ भन्ने भ्रमसमेत तोडिएको छ । प्रधानमन्त्री निवाससँगै जोडिएको ललिता निवासको १३६ रोपनी सरकारी जग्गा व्यक्तिका नाममा विभिन्न जालझेल गरी नामसारी गरेर भ्रष्टाचार गरेको अभियोगमा उच्च राजनीतिक नेतृत्व उच्च पदस्थ कर्मचारी र ठूला व्यापारी अख्तियारको फन्दामा परेका छन् । मुलुकको राजनीतिमा सदावहार हिरोका रूपमा रहेका विजयकुमार गच्छदार अख्तियारको निशानामा परेपछि नेपाली कांग्रेसत्रि ठूलै तरंग पैदा भएको छ । पार्टीका वरिष्ठ नेता रामचन्द्र पौडेलले सामाजिक सञ्जालमा प्रतिक्रिया दिँदै लालझन्डा ओढेपछि जुनसुकै खत पनि माफ हुन्छ भन्ने भनाइ कतै पूरा हुने त होइन ? भन्ने प्रश्न गर्दै एउटै केसका लालझण्डा ओढ्नेलाई उन्मुक्ति दिएको प्रति असन्तुष्टि व्यक्त गरेका छन् । नेका प्रवक्ता विश्वप्रकाश शर्माले माधवकुमार नेपालको पालामा नीतिगत निर्णय, एक पूर्वमन्त्री कमरेडको सिरानीमुनि लालपुर्जा मुद्दा कसलाई ? विजय गच्छदारलाई भन्दै कडा प्रतिक्रिया दिएका छन् । अख्तियारजस्तो कडा निकायले पक्कै पनि तथ्य र प्रमाणको आधारमा कारबाही अगाडि बढाउनुपर्छ वैचारिक भेदभाव भने गर्न मिल्दैन ।

छोटो समय मन्त्री भएका चन्द्रदेव जोशी र डम्बर श्रेष्ठलाई पनि ठूलो बिगोसहितको मुद्दा दायर भउको प्रति पनि प्रश्न उब्जिएको छ । सामान्य जीवनशैली यापन गर्ने, काठमाडौंमा डेरासमेत नलिएर पार्टी अफिसमा सुत्ने डम्बर श्रेष्ठलाई ९ करोड ६५ लाखको बिगोमा कसरी पारियो ? यो पनि खोजीको विषय बनेको छ । ठूलो प्रकरणमा कतिपय निर्दोष व्यक्तिहरू पनि पर्न सक्छन् र कतिपय दोषी छाडा साँढेझैं बुर्कुसी मार्दै हिंडेका हुन सक्छन्– यसबारेमा अख्तियार तथा अदालत गम्भीर बन्नैपर्ने हुन्छ । त्यसैगरी भ्रष्टाचारसम्बन्धी कैयौं मुद्दाहरू अदालतले अनावश्यक रूपमा लम्ब्याउने गरेका उदाहरण थुप्रै छन् । अदालतमा हुने चलखेलले समेत मुद्दालाई प्रभावित पार्ने गरेको छ । राम्रो अनुसन्धान नभएका र मुद्दा मात्र होइन, चलखेलका कारणले पनि अख्तियारले दायर गरेका थुप्रै मुद्दा हार्ने गरेको छ । मुद्दाका प्रमाण बलियो बनाउनेतर्फ समेत अख्तियारको ध्यान जान आवश्यक छ ।

अख्तियारले ललिता निवासका आरोपितहरूलाई कानुनको कठघरामा उभ्याएर प्रशंसनीय काम गरेको छ । अब वाइडबडी काण्ड लगायतका सबै चर्चित भ्रष्टाचार काण्डका आरोपीहरूलाई कानुनको कठघरामा ल्याउने काममा अख्तियारको ध्यान जानुपर्छ । मुलुकमा व्याप्त रहेको भ्रष्टाचारको जरो नउखेलेसम्म देश समृद्धशाली बन्न सक्दैन ।

# हामी भजन मण्डली समूह होइनौं, सबैलाई चेतना भया !



**सुरेन्द्र ढकाल**

**लोककल्याणकारी विज्ञापनको नाममा सरकारले दिने मासिक हुण्डीबाट यो पत्रिका चलेको पनि छैन न त कुनै विदेशी दुतावासले फालेको हड्डीबाट यो पत्रिका बाँचेको छ । खान पाइन्छ भन्दैमा राष्ट्रघाती, कमिसनखोर, भ्रष्टाचारी र पर्यावरणबैरीहरूको भजन गाउने प्रवृत्तिको हामी विरोधी भएको हुँदा सरकार र विपक्षी दलहरू हाम्रो मनोबल गिराउन ठूलै हत्कण्डा मच्चाइरहेका छन्**

भारतद्वारा उपनिवेश बनाइएको टिस्टा काँगडा अन्तर्राष्ट्रिय कानुनी र द्विपक्षीय सन्धिको आधारमा नेपाली भूमि हो भन्ने राष्ट्रभक्तिपूर्ण अभियानलाई निरन्तरता दिन, डरलाग्दो किसिमबाट विकासको नाममा भइरहेको पर्यावरणको विनाशविरुद्ध आमरुपमा जनमत सिर्जना गर्न, भ्रष्टाचारले देश र समाजलाई दिन परदिन खोक्रो बनाउँदै लगी देश असफल राष्ट्र बन्न लागेको देखेर भ्रष्टाचार विरुद्धमा जेहाद छेड्न अनि राजनीति भनेको कमाइ खाने भाँडो नभई देश र जनताको मुहार उज्यालो बनाउने उत्कृष्ट समाज सेवा हो भन्ने कुरा स्थापित गर्न भनेर ग्रेटर नेपाल साप्ताहिकको प्रकाशनको आठ वर्ष अघिदेखि नै शुरुवात भएको हो ।

पेशागत रुपबाट दक्ष, युरोपेली विश्वविद्यालयबाट स्नातकोत्तर गरेका वरिष्ठ पत्रकारको नेतृत्व र सम्पादनमा, अनुभवी र देश विदेशका पत्रकारिताको खारिएको अनुभव समेत बटुलिसकेका विशिष्ट व्यक्तिहरु संलग्न रहेको सम्पादन मण्डल यस पत्रिकाको प्रकाशनको लागि जिम्मेवार रहिआएको छ । पत्रिकाका आजीवन सल्लाहकार र स्तम्भ लेखकहरु नेपालका वरिष्ठ विद्वान, प्राध्यापक, पूर्वराजदुतहरु तथा आफ्ना क्षेत्रका अन्तर्राष्ट्रिय रुपमा नै ख्यातिप्राप्त विज्ञहरु रहेका छन् ।

यही भएको कारण यस पत्रिकाले नीडर भएर राष्ट्रवाद, सामाजिक विकाशको पक्षमा, पर्यावरण विनाश, दण्डहिनता र भ्रष्टाचारको विरुद्ध दरो कलम चलाउँदै आएको छ । देशमा लोकतन्त्रको नाममा राष्ट्रघात, बलात्कार र हिंसा गर्न, सुशासनको नाममा भ्रष्टाचार, कमिशन खोर र दण्डहिनता अनि विकाशको नाममा पर्यावरणको विनाश गर्न पल्केकाहरुको लागि यो साप्ताहिक आँखाको कसिंगर बन्न पुग्नु स्वभाविकै हो । झन् त्यसमाथि व्यवसायमूलक नाफामुखी नभएर स्वयंसेवामा आधारित मिसन पत्रकारिताको रुपमा विकाश हुँदै गएको यो पत्रिकाले जनमानसमा जुन सकारात्मक छाप छोडिरहेको छ, त्यसबाट राष्ट्र लुटिरहेका सत्तारुढ अनि विपक्षी दलहरु आतंकित भइरहेका छन् ।


राजनीतिक दलका झोले, हकर र आठ किलासेहरुको अनि विदेशी दुतावासको हण्डी खाई चल्ने पत्रिकाहरुको वर्चश्व रहेको नेपाली पत्रकारिता जगतमा ग्रेटर नेपाल साप्ताहिकको आफ्नो बेग्लै स्थान भएको कुरा राष्ट्रवादी, सदाचारी, सक्षम र देशको भलो चिताउने देश विदेशमा रहेका हरेक नेपाली नागरिकहरुले महसुस गरेकै कारण यस पत्रिकाको स्थायी वार्षिक ग्राहकहरु दिन परदिन बढ्दै गइरहेका छन् ।

राष्ट्रवादको नाममा राष्ट्रिय लम्पसारवाद, सुशासनको नाममा भ्रष्टाचार कमिसनखोर र असक्षमता अनि विकाशको नाममा पर्यावरणको विनाश गरी राताराता मालामाल हुने राजनीति हावी भएकै कारण राजनीति गर्नेहरु नव सम्भ्रान्तको रुपमा विकाश भइरहेको परिप्रेक्ष्यमा त्यस्ता तत्वहरुको भण्डाफोर गर्ने रणनीति अख्तियार गरेकै कारण यस पत्रिका सत्तारुढ र प्रमुख विपक्षी दुवै दलहरुको आँखाको तारो बन्न पुगेको छ ।

प्रजातन्त्रमा संचार जगतलाई चौथौ अंगको रुपमा विकाश गर्नुपर्नेमा वैरीको व्यवहार गर्न सरकार उद्दत छ भन्ने कुरा सरकारले नियुक्त गरी बनाएको झोले पत्रकारहरुको बाहुल्य रहेको प्रेस काउन्सिल, अनि यस्तो काउन्सिलले गर्ने पत्रिकाको वर्गीकरण, यसले ल्याउन लागेको मिडिया काउन्सिल विधेयक आदिले प्रस्टै पारेको छ । यसमाथि बढी प्रकाश पार्न नपर्ला । स्वच्छ प्रजातान्त्रिक पत्रकारिताको विकासमा तगारो बनेको यो गणतन्त्र कति दिन टिक्ला त्यो त समयले नै बताउने छ ।

सरकारले ग्रेटर नेपाल साप्ताहिकमाथि गरेको सौतेनी व्यवहारले हामीलाई केही पनि फरक पर्दैन । लोककल्याणकारी विज्ञापनको नाममा सरकारले दिने मासिक हुण्डीबाट यो पत्रिका चलेको पनि छैन न त कुनै विदेशी दुतावासले फालेको हड्डीबाट यो पत्रिका बाँचेको छ । खान पाइन्छ भन्दैमा राष्ट्रघाती, कमिसनखोर, भ्रष्टाचारी र पर्यावरणबैरीहरुको भजन गाउने प्रवृत्तिको हामी विरोधी भएको हुँदा सरकार र विपक्षी दलहरु हाम्रो मनोबल गिराउन ठूलै हत्कण्डा मच्चाइरहेका छन् भन्ने कुरामा हामी अनभिज्ञ छैनौं । हाम्रो लडाइँ जारी छ । हामी भजन मण्डली समूह होइनौं । सबैलाई चेतना भया !!

# आमाको माया-२



**जगदीश लामिछाने**
रौतहट, पौराई

प्रत्येक घरमा जन्मिएकी छोरी मान्छे वास्तवमा एउटी आमा नै हुन् । आमा शब्द नै दया, क्षमा र करुणाको खानी नै हो । मातृत्व नभएको भए यो मानवता नै शून्यमा परिणत हुने थियो । यत्ति कुरा त प्रत्येक मानव युवतीलाई थाहै छ यसैले प्रत्येक युवायुवतीको जोडी स्त्री पुरुष भविष्यको मानवताको रक्षाका लागि बाँचेका छन् । त्यसैले त प्रत्येक परिवारको हितकै लागि हुने व्यवसायहरु रोजीरोटीहरु विश्वका देशहरुले आफ्नो आर्थिक व्यवसायमै समेटेका छन् । मान्छेहरु उद्योगी भएर आफ्नो र भावी सन्ततिको कल्याणकै लागि प्रयासरत नै छन् । पुरानै मान्छेहरु पनि सन्तान नभएको घर शून्य हो, इलम र उद्योग गर्नैपर्छ भन्ने गर्थे । कुनै नारीको कोखमा संयोगले छोरा भएनछन् र छोरी मात्र जन्मिए भने त्यही छोरीको बच्चा अर्थात् नाति नातिनामा उनकी हजुर आमाहरुले आनन्द लिने गर्छन् । मान्छेहरु आफ्ना मामा माइजुबाट आवश्यक श्रद्धा सुमन पाउँछन् । यो पनि परिवारको श्रृंगार नै हो ।

यसैको अघिल्लो यही शीर्षक (१) मा छोरीको दुई किसिमको विवाह लेखियो । वास्तवमा हो पनि मानव बच्चा त्यो बच्चाकी आमा र आधार देशको हितकै निमित्त पनि थरी थरीका राजनीतिक नेतृत्व कर्ताहरुले मात्र हैन सत्तासीन सरकारहरुले पनि सबैले मिलेर सर्वहितकारी उपायमा राष्ट्र हिँड्नैपर्छ । आपसी कलह बढ्ने काम कसैले पनि गर्नु हुँदैन अशान्तिले जत्ति बाधा विरोध बढ्छ, त्यति पाइला पाइला शरणार्थी हुनु एक देश र अर्को देश घुम्नुपर्ने होला कि भनी होस गर्नैपर्छ ।

यस अवस्थामा आमा उनका बालबच्चा र उनीहरुबाट सम्बन्धित प्राकृतिक पर्यावरणहरुसँगै सबैलाई दुःख पर्ने नै भयो । यो पर्यावरणै पनि नारी जाति नै हो आमा नै हो । यो धरती यो वायुमण्डल र यो विश्व पनि आमा नै हुन् । यी नभए हामी सम्पूर्ण कहाँ बस्ने ? यसैले प्राकृतिक दोहन गर्दा प्राकृतिक उपभोग गर्दा प्रकृति स्याहारमा पनि यो पर्यावरणको जगेर्नामा पनि हामीले ध्यान दिनैपर्छ । अनिमात्र साँचो अर्थमा आमाको माया पाइन्छ । आमाको पनि आमा प्रकृति नै हुन् । हाम्रो शिक्षा हाम्रै स्वास्थ्य हाम्रै प्रशासन समेतको सामूहिक प्रयास हुनैपर्छ । यसै कुरामा पनि विवाह शब्दको महत्वपूर्ण एकता झल्किनैपर्छ । जुन विवाहमा ईश्वर समेत प्रसन्न हुन्छ, त्यो पर्यावरण हित समेत हो । आर्थिक, सामाजिक र नैतिक हित समेत हो । त्यही जीवनयापन गर्न प्रत्येक बुढी हजुरआमा हजुरबुबा र वर्तमान युवायुवतीहरु समेत मिलेर विचार गर्ने कि ? यसो भयो भने यो समाज यो देश र यो विश्व झन् सुन्दर हुने थियो, यो पर्यावरण अझै रमाइलो बन्ने थियो हैन र ?

यसै कुराको अर्को पाटो पनि छ । मान्छे पुरुष भए पनि नारी नै भए पनि उमेर ढल्केपछि बुढयौलीमा जानु स्वाभाविकै हो । ज्यादा दोहन गर्दा हाम्रो पर्यावरण पनि यस्तै दुर्दशामा नजाओस् भनेर होस् गर्नैपर्छ । पर्यावरण र नारी जातिलाई समान मानिदिँदा फरक पर्दैन । नारी जाति उसै त कमजोर प्राकृतिक र शारीरिक स्थितिले चाँडो अशक्त हुन्छन् । पुरुष प्रधान अर्थात् शक्ति प्रधान यो स्थितिमा वृद्धवृद्धा र प्रकृति अनाथ हुन जाँदा त्यो देशको कानुनले छोरो अथवा पालित छोरीबाटै रक्षक यी बुढाबुढी हुन् भनी दिएको त हुन्छ तर यी तीनवटै अनाथ वृद्धवृद्धा र प्रकृतिको सेवा लिन असमर्थ हुने अवस्था छ । आमाको माया आफ्नै बच्चाबाट लिन सक्दिनन् । बाबुले पनि यस्तै हो आफैंले हुर्काएकाबाट यी तिरस्कृत भइरहेको यत्रतत्र देखिन्छ । प्रकृति त झन् यस्तै तिरोहित हुने नै भयो ।

यस्तै मधेस पहाड नेपालमा आफ्नै घरजग्गामा वृद्धवृद्धा मात्र छन् । छोरो पिठो खानु पर्ला कि घरमा दुःख गर्नुपर्ला कि भन्ने डरले डाँडापारि बजारमै बस्छ अथवा अमेरिका बेलायत आदि विदेशमा बरालिन्छ । त्यही बुढाबुढीले जोगाइ दिएको खेतबारी र बनाइदिएको पक्की कच्ची घरहरु बुढाबुढीले कसैलाई दिनुपर्दा त्यही भगुरा छोराको सही मागिन्छ । मर्दा किरिया बसेको भरमा सबैको भाग लाग्ने चलन छ । साँच्चै ती बुढाबुढीहरुको दुःखको चाहिँ भाग नलिने उनैको कमाइमा र्‍याल काढ्ने वर्तमान स्वार्थी पुस्ताको चलन के हो ? यो ठीक भयो त ? भलै बुढाबुढी डरले नबोलुन् यथार्थ त बोल्छ । यी अनाथ एक्लै रहेका वृद्धावृद्धाको जिन्सी जग्गा जमिनले कयौं दुःखीहरुको जीविका चल्ने थियो ।

यसैले यस्ता जग्गा जमिन कुनै पनि दाजुभाइलाई नदिएर सर्वप्रथम यस्ता अनासृतको लगत जस्तै जग्गा जमिन लगत खडा गरी सार्वजनिक सूचना गर्न यो सरकार यो संसदलाई बाध्य पार्ने मुलुकी ऐन अंशबण्डाको महल नै संशोधन गर्न र यस्ता अल्छी छोराछोरीको सक्रियता बढाउन वर्तमान लोकप्रिय सरकार लाग्नैपर्छ । यो काम वर्तमान सरकारले नेपाल सरकारले गर्ने आफ्नै आमाको माया नै हो । नेपाल सरकारको कर्तव्य नै हो । हेरौं कसो हुन्छ याद गरिन्छ कि वर्तमान संसदबाटै ?

# विकास र भ्रष्टाचार

**गोविन्द विश्वकर्मा**

विकासको नारालाई अगाडि बढाउन भ्रष्टाचारले थप चुनौती थपिदिएको छ । भ्रष्ट्रचारका ठूला कान्डमा मुछिएकाहरुलाई सरकारले कानुनको कठाघरामा उभ्याउन नसकेको हुनाले नै अहिले भ्रष्ट्रचार बढिरहेका छ । प्रधानमन्त्रीले भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति उद्घोष गरे पनि कार्यान्वयन फितलो देखियो जसले गर्दा भ्रष्टाचार गर्न पल्केकाहरु मौलाउँदै गए । त्यसैगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्थानीय तहमा भ्रष्टाचार मौलाएको भन्ने तथ्यलाई उजागर नै गर्‍यो ।

भ्रष्ट्रचारका कान्ड बाहिर नआएका पनि होइनन् तर कान्डमा मुछिएकाहरुलाई ठेगान लगाउन सरकारले खुट्टा कमाएको हुनाले उनीहरुको मनोबल बढेको पक्का हो । आज केन्द्रदेखि स्थानीय तहसम्म भ्रष्टाचारको जालो फैलिनुमा सरकारको नै कमजोरी देखिन्छ । अहिले भ्रष्टाचार एक चुनौतिको रुपमा संस्थागत हुँदै गएपछि यसले मुलुकलाई कंगाल नबनाउला भन्न सकिन्न । वाइडबडी, नेपाल ट्रस्ट कान्ड, ललिता निवासको जग्गा प्रकरणजस्ता भ्रष्टाचारका कान्डमा मुछिएकाहरुलाई सरकारले ठेगान लगाउन नसकेको हुनाले पनि अन्य सबै किसिमका आर्थिक अनियमितताका कान्डहरु धमाधम बढिरहेका छन् ।

यसैगरी नापी, मालपोत, भन्सार, कर आदि कार्यालयहरुमा पछिल्लो समय अत्याधिक रुपमा आर्थिक अनियमितता हुने गरेको घटनाहरु पनि बाहिर आइरहेका छन् । यस तवरबाट भ्रष्टाचार बढेसँगै सरकारको समृद्धिको नारा पनि असफल हुने मार्गमा जाँदैछ । तीन हजार सेवाग्राहीबीच गरिएको सर्वेक्षणमा ५५ प्रतिशतले स्थानीय तहमा भ्रष्टाचार हुने गरेको तथ्यले बताउँछ । सेवाग्राहीहरुमध्ये करिब ४७ प्रतिशतले योजना निर्माणदेखि कार्यान्वयनमा कर्मचारी र स्थानीय तहका पदाधिकारीको मिलेमतोमा भ्रष्टाचार हुने गरेको कुरा पनि बाहिर आयो ।

विगतको तुलनामा अख्तियारले भ्रष्टाचारको खोजतालसी बढी गरेको देखिए पनि उसको दायरा कटौतीले केही समस्या पक्कै परेको हामी बुझ्छौं । अख्तियार प्रमुख नै भ्रष्टाचारमा चुर्लम्ब डुबेको खबरले आमजनमानसमा निरासै निरासा थपेको थियो । भ्रष्टाचारका ठूलाठूला कान्डमा मुछिएकाहरुलाई कारबाहीको साटो उल्टै बचाउमा लाग्नेहरु पनि सलबलाएका थिए । भ्रष्टाचार गर्नेहरुलाई राजनीति संरक्षण दिने प्रवृत्ति पनि बढ्दै गएको देखिन्छ जसले गर्दा सरकार आफैँलाई धक्का लाग्ने काम भएको छ । भ्रष्ट्रचारीहरुलाई राजनीतिक संरक्षण दिएपछि अख्तियार पनि यसमा हच्किएको छ । त्यस कारण ठूलाकान्डमा मुछिएकाहरुलाई कानुनी कारवाहीको दायरामा ल्याउन सरकार हिचकिचाहट गरिनैरहेको छ । अवैध कारोबार कर छली अवैध सम्पत्ती आर्जन जस्ता गतिविधिहरुलाई थाहा हुँदाहुँदै पनि सरकारले रोक्न सकेन । अख्तियारलाई अनुचित कार्यमाथि कारबाही गर्ने अधिकार कटौती गर्नु पनि सरकारका लागि ठेस लाग्ने विषय बन्यो । अब त यस्तो लाग्छ भ्रष्टाचार गर्नेहरु जति सबैलाई जेल हाल्ने हो भने यो मुलकमा जेलैजेल मात्र हुने थिए होलान् ।

एकपछि अर्को गरी भ्रष्टाचारका कान्डहरु बाहिर आइरहँदा सरकार कडाइका साथ प्रस्तुत हुनबाट चुकेकै हो । जसले गर्दा भ्रष्टाचारीहरुलाई थप साहस मिल्दै गइरहेको छ । समृद्धि र विकासको नारालाई गति दिन सरकार अलमलिरहेको छ । हरेक कोणबाट सरकारलाई असफल पार्नेहरुको भीड बढ्दै गएको महसुस हामी गर्न सक्छौं । संक्रमणकालिन अवस्थामा भ्रष्टाचारको चुनौति हुँदाहुँदै पनि सरकारले केही राम्रा कामहरु पनि गरेको छ । तर सरकारले गरेका राम्रा कामहरु सबै ओझेलमा पर्दै गए । अब यसरी माथिदेखि तलसम्म भ्रष्टाचार संस्थागत हुँदै गएपछि सरकारको समृद्धि कसरी सफल हुन्छ ? आज २ सयदेखि २ अरब सम्म भ्रष्टाचार भएका कान्डहरु बाहिर आउँदा सरकार किन कडाइका साथ प्रस्तुत हुन सकेन ? भ्रष्टाचारमा शून्य सहनशीलताको नीतिलाई सरकारले कार्यान्वयन गर्न किन सकेन ? प्रधानमन्त्रीको बोली एकातिर कामचाहीँ अर्कैतिर हुने माहोल किन बढ्दै गयो ? प्रधानमन्त्रीले म पनि भ्रष्टाचार गर्दिनँ भन्दै हिँड्नुभयो तर भ्रष्टाचार गर्नेहरुलाई जोसुकै भए पनि भ्रष्टाचार ठहर भएपछि तुरुन्तै जेलमा जाक्नका लागि उहाँले कहिलै पनि उर्दी जारी गर्नु भएन । भाषणमा चाहीँ छोड्दिन भन्ने तर मञ्चबाट हिँडेपछि उसको पछी लाग्ने प्रवृत्ति बढदै गएकाले भ्रष्टाचारीहरु जाग्दै गए । देशमा यस किसिमका भ्रष्टाचारहरु मौलाउनु अनि विकासका काममा विभिन्न अडचनहरु आउनु सरकार विवादमा पर्दै जानुले र राम्रा कामको बारेमा जनतालाई थाहा नहुनुले सरकारको समृद्धि ओझेलमा पर्दै गएको देखिन्छ । त्यसैले समृद्धिको नारालाई सार्थकता प्रदान गर्न माथिदेखि तलसम्म मौलाउँदै गएको भ्रष्टाचारलाई तत्काल योजनाबद्ध रुपमा सफा गर्दै जान सरकारले खुट्टा कमाउन हुँदैन ।

# मैले देखेको १२९ औं विश्व सम्पदा
# मनिलाको सान अगस्टिन चर्च

सुरेन्द्र ढकाल



चर्च अगाडिबाट हेर्दा यस्तो देखिन्छ



चर्चभित्रको कलात्मक संगीतयन्त्र यस्तो रहेछ

मनिलाको रिजाल पार्क अवलोकन गरिसक्दा बेलुकीको ४ बजेको थियो । तत्पश्चात् पार्क नजिकैको लुजन भन्ने स्थानमा रहेको मनिलाको विख्यात सान अगस्टिन चर्च अवलोकन गर्नेतर्फ हामी लाग्यौं ।

**सान अगस्टिन चर्च**

यो चर्च सन् १५७१ तिरै औपनिवेशिक स्पेनिशहरुले बाँस मात्रै प्रयोग गरी निर्माण गरेका रहेछन् जुन सन १५७४ को आगलागीमा परी ध्वस्त भएको रहेछ । त्यसपछि त्यही चर्चलाई फेरि त्यही ठाउँमा नै काठ प्रयोग गरी सन १५८३ मा दोस्रो पटक पुनर्निर्माण गरिएको रहेछ र त्यो पनि आगलागीकै कारण ध्वस्त भएपछि चुन ढुंगा प्रयोग गरी त्यही स्थलकै नजिकमा तेस्रो पटक यो चर्चको निर्माणको थलानी सन १५८६ मा भएको रहेछ जस्को डिजाइन जुआन माचिआसले गरेका रहेछन् ।

पुनर्निर्माणको लागि आवश्यक चुन ढुंगा र कोष दुवैको अभाव भएको कारण पुनर्निर्माणको गति ज्यादै सुस्त भई सन १६०४ मा चर्च संचालनमा आएको भए तापनि यसको निर्माणले पूर्णता सन १६०७ मा पाएको रहेछ त्यतिखेर यस चर्चको नाम सेन्ट पाओल भनेर राखिएको भए तापनि निर्माण सम्पन्न हुनुअघि चर्च निर्माणका अभियन्ता माचियास भन्ने अगस्टिन सम्प्रदायका व्यक्तिको मृत्यु भएको कारण



चर्चको दलिनमा गरिएको पेन्टिङहरू

१८५४ मा यस चर्चलाई वास्तुविद लुचानो ओलिभरको सुपरिवेक्षणमा सिगार्ने कार्य भएको रहेछ र सन १८६३ को जुन महिनामा आएको महाभूकम्पको कारण पुरै मनिला शहर ध्वस्त हुँदा समेत यो चर्चमा भने कुनै पनि क्षति भएको रहेनछ । त्यसपछि १८८० जुलाईमा आएको अर्को भूकम्पले भने यस चर्चको पूर्वतर्फको घण्टाघरमा ठूलो चिरा पारिदिएको रहेछ जस्लाई पछि जिर्णोद्धार गरी जस्ताको तस्तै बनाइएको रहेछ । पछि पुनः भएको रहेछ । पछि दोस्रो विश्वयुद्धकालमा जापानीहरुले क्रिश्चियन धर्म गुरुहरुलाई बन्धक बनाइ यसै चर्चभित्र बन्दी बनाएका रहेछन् । युद्धको क्रममा बन्दी बनाइएकाहरु मरिएका र चर्चको छाना पनि ध्वस्त भएको रहेछ । पछि १९७० मा आएर जिर्णोद्धार गरिएपछि चर्चको पछिल्लो रुप कायम भएको रहेछ। चर्चको भित्री भागमा रहेका मन्दिरहरु मेक्सिकोको अगस्टिनियनहरुको शैलीबाट सिंगारिएको रहेछ जस्ले स्पेनिसहरुको



चर्चभित्रको हस्तीहाडले बनेको दलितमा झुन्डिएको बत्ती




चर्चको भित्री भागको कलात्मक स्वरूप यस्तो रहेछ



चर्चको भित्तामा गरिएको कला इन्ट्रामुरोस यस्तो रहेछ

पछि यस चर्चलाई सान अगस्टिन चर्च भनेर नामाकरण गरिएको रहेछ । सन १७६२ मा बेलायतीहरुले सातवर्षे युद्धको क्रममा मनिला शहरलाई आफ्नो नियन्त्रणमा लिएपछि यो चर्चभित्र प्रवेश गरी लुटेका रहेछन्। पछि सन विभिन्न पटकमा भएका भूकम्पबाट जोगिएको यो चर्च भूकम्पताका अस्पतालको रुपमा पनि प्रयोग गरिएको रहेछ । सन् १८९८ देखि अमेरिकनहरुसँग आत्मसमर्पण नगरुञ्जेल यो चर्च स्पेनिस गभर्नर जनरलको कार्यस्थल औपनिवेशिक सुनौलो युग (१५८५-१६०४) को गौरवलाई प्रतिनिधित्व गर्दछ भन्दा रहेछन् । चर्चभित्रका मध्यकालिन कलाहरु इटालियन कलाकारहरुले बनाएका रहेछन् । बारोक शैलीको कलाको उत्कृष्ट उदाहरणको रुपमा चर्चको भित्री भाग सजिएको रहेछ र त्यहाँको ठूलो आकर्षणको वस्तु भनेको पेरिसबाट ल्याएको हस्तिहाडले बनेको दलिनमा झुण्डाइएको जवाहरातजडित बत्ती रहेछ । त्यसैगरी त्यहाँ जडिएको संगीत यन्त्र (अर्गान) पनि विशेष आकर्षणको वस्तु मानिँदो रहेछ । हामी बेलुकीपख त्यहाँ पुग्दा बत्तीको उज्यालोमा चर्चको सुन्दर कलात्मक भित्री भाग, दलिनमा गरिएको पेन्टिङ, भित्तामा कुँदिएका मूर्तिकला (इन्ट्रामुरोस) निकै मनमोहक देखिन्थ्यो । करिब दुई घण्टा चर्चभित्र बिताइ होटल फर्कंदा बेलुकीको सात बजेको थियो । केही वेर होटलकै लविमा बसी बेलुकीको खाना खाई आआफ्नो कोठामा पुग्दा नौ बजिसकेको थियो ।

# एकपटक फेरि निर्मल लामाकै सम्बन्धमा




■ शम्भुराम श्रेष्ठ

हुन त निर्मल लामासम्बन्धी यो प्रसंग मनमोहन अधिकारी र म भद्रगोल जेलबाट छुटिसकेपछिको एउटा घटना बारेको भएकाले यसको हामी स्वयंको जेल जीवनसँग प्रत्यक्ष सम्बन्ध थिएन । तर पनि निर्मल लामाले सामान्य राजनीतिक मर्यादा र नैतिकता समेतको सीमा नाघेर अहिलेसम्म कुनै पनि राजबन्दीले नगरेको र गर्न नपाएको तथा नभएको जेलरको कार्यालयमा पत्रकार सम्मेलन गर्ने जस्तो अभूतपूर्व काम गरेको र त्यो पनि खुद आफ्नै राजनीतिक तथा मौलिक अधिकार खोसिएको कुराको विरोधमा र त्यसको संरक्षणको निम्ति कार्यरत व्यक्तिको विरोधमा पत्रकार सम्मेलन गरेको अथवा गर्न लगाइएको हुनाले, उक्त घृणित घटनाबारे यहाँ उल्लेख गर्नुपरेको हो, ताकि यस्तो नीच काम अब उप्रान्त दोहोरिन नपाओस् । उपरोक्त घटनाक्रमबारे निर्मल लामाले मलाई विल्कुलै खबर गरेका थिएनन्। मैले त खालि पत्रपत्रिकाहरुमार्फत ऋषिकेश शााहले निर्मल लामालाई ग्राजुयट कन्स्टिटयुयन्सीबाट अब हुन लागेको राष्ट्रिय पञ्चायतको निर्वाचनमा उम्मेदवारी दिन लगाउन कोसिस गरिरहेका छन् भन्ने मात्र थाहा पाएको थिएँ । र, वास्तवमा मलाई त्यसबारे खासै चासो पनि थिएन ।

एक दिन बिहान १० वा १०:३० बजेको होला अनेरास्ववियुको तर्फबाट त्रिभुवन विश्वविद्यालयको स्ववियु सभापति निर्मल अर्याल मकहाँ घरमा आए । उनले अलि गम्भीर भएजस्तै गरी 'मलाई प्रधानमन्त्री कीर्तिनिधि बिष्टले सेन्ट्रल जेल गई निर्मल लामालाई भेटेर उनलाई ऋषिकेश शाहको विरोधमा जेल कार्यालयमै पत्रकार सम्मेलन गर्न राजी गराउनोस् भनेर पठाएको र अहिले म सीधा प्रधानमन्त्री कहाँबाटै यहाँ आएको हुँ । कामरेड, मैले के गरुँ ? जेल गएर मैले निर्मलजीलाई यो कुरा भनुँ कि नभनुँ ? भनी भन्न थाले । उनको कुरा सुने पनि नसुनेझैँ गरी म चुपै लागेर बसिरहेँ । मैले 'हुन्छ वा हुँदैन' केही पनि भनिन । अनि आधा घण्टा जति बसेर निर्मल अर्याल टाउको निहुर्‍याएर मेरो घरबाट निस्के । तर उनी सिधा सेन्ट्रल जेल गएछन् । उनी वास्तवमा मैले के भन्छ भनी सुँध्न मात्र मेरो घरमा आएका रहेछन् । उनी सेन्ट्रल जेल गई निर्मल लामालाई प्रधानमन्त्री बिष्टले भनी पठाएका सबै कुरा भन्नुका साथसाथै पत्रकार सम्मेलन गरिसकेपछि तुरुन्तै जेलबाट रिहाइ गरिदिने वचन पनि दिएका छन् भनेर भनेछन् । निर्मल लामाले तुरुन्तै उनको प्रस्ताव मानेछन् र त्यसको भोलिपल्ट सेन्ट्रल जेलको कार्यालयमा पत्रकार सम्मेलन गरी ऋषिकेश शाहको विरोध गरे, जो जेल कार्यालयमा कुनै पनि राजबन्दीले गरेको वा राजबन्दीलाई गराइएको पहिलो र सम्भवतः अन्तिम पत्रकार सम्मेलन होला । उक्त पत्रकार सम्मेलन सकेको साँझमै निर्मल लामा जेलबाट छुटे र सरासर मेरो घरमा आए । उनले त्यो दिन अरु कुनै कुरा गरेनन् र 'खर्साङस्थित आफ्नो घर जान्छु र सुकन्यासँग बिहे गर्छु' मात्र भने । एकदुई दिन काठमाडौंमा बसेर उनी आफ्नो घरतर्फ लागे पनि ।

**३०. हामीहरुको जेल रिहाइ**

२०२५ साल फागुन महिनाको अन्तितिरको दिन थियो । ठीकठीक तिथि मिति याद भएन । बेलुकाको ५ बजिसकेको थियो । जेल कार्यालय बन्द भइसकेको थियो । जेलर लगायत जेल कार्यालयका कर्मचारीहरु सबै नै आआफ्नो घर गइसकेका थिए । दैनिक नियमअनुसार म पनि अर्ध दगुराइको स्पिडमा जकिङ गर्न कोठाबाट निस्कनै लागेको मात्र थिएँ, ठीक त्यही बेला भद्रगोल जेलको चौकिदार (जो प्रायशः फौजदारी मुद्दामा थुनिएको बन्दी नै हुन्थे) दगुर्दै आएर मनमोहन अधिकारी र मलाई तपाईंहरु दुवैजना जेलबाट छुट्ने हुनुभयो । तपाईंहरुलाई लिन अञ्चलाधीशको मोटर जेलको ढोकामा आइसकेको छ । तपाईंहरु लुगासुगा लगाएर तयार हुनोस् । तपाईंहरुका सामानहरु पनि प्याक गराइ बाहिर मोटरमा राख्न लगाउनुपर्‍यो ।' भनी भन्न थाल्यो । हामीहरु जेलको ढोका बाहिर निस्केपछि हामीहरुलाई अञ्चलाधीशको मोटरमा सिधा अञ्चलाधीश कार्यालयमा लगियो। अञ्चलाधीश विष्णुमणि र आईजीपी रोमबहादुर मात्रै हामीलाई पर्खेर बसिरहेका थिए । सामान्य शिष्टाचारपछि हामी दुवै जनालाई अञ्चलाधीशकै मोटरबाट मेरो घरमा पुर्‍याइदियो ।


हामीहरु जेलबाट छुटेको भोलिपल्टै प्रधानमन्त्री सूर्यबहादुर थापाले मनमोहन अधिकारी र मलाई रातिको खाना प्रधानमन्त्री निवासमा खान निम्त्याउनुभयो । रातको ७ बजेतिरै हामीहरुलाई लिन उहाँको मोटर आइपुग्यो । केही क्षणको भलाकुसारीपछि प्रधानमन्त्री थापाले भन्नुभयो- 'तपाईंहरु जेलबाट निस्किनुभयो । त्यस लामो समयावधिमा घटेका केही महत्वपूर्ण घटनाबारे तपाईंहरुलाई अवगत गराउनु मेरो कर्तव्य हो । तपाईंहरुलाई मैले थाहा दिनैपर्ने एउटा कुरा छ, त्यो के थियो भने तपाईंहरु दुवै जनालाई मार्ने निश्चित भइसकेको थियो । तर राजा स्वयंले तपाईंहरुलाई बचाइबक्स्यो । बहुतै राम्रो भयो । हुन त यसबारे हामीहरुले जेलमा छँदै पनि केही हिन्ट पाएका थियौं ।

सायद त्यसको भोलिपल्टै होला । प्रधानमन्त्री थापाले मनमोहनजीलाई 'मेरै घरमा सुटुक्क राजा महेन्द्रले भेट्न चाहेका छन् । तयार रहनोस् । तपाईंलाई लिन मोटर पठाइदिनेछु । तर यो कुरा, अर्थात् राजासँग भेट्ने कुरा शम्भुरामजीलाई नभन्नोस्' भनी खबर गर्नुभयो । प्रधानमन्त्रीले यो कुरा मलाई नभन्नोस् भनी भने तापनि मनमोहनजीले मलाई भनिहाले । 'किन त्यसो भनेका होलान् ?' भनेर मनमोहनजीले प्रश्न गर्नुभयो । 'घुमाएर मलाई थाहा दिनकै लागि त्यसो भनेको होला' भनी मैले भनेँ। तुरुन्तै मलाई लाग्यो २०१८ सालमा डा.केशरजंग रायमाझीले राजासँग मैले भेट्ने कुरा मिलाइसकेपछि मैले राजासँग भेट्न नगएको हुनाले, राजाले त्यसै घटनाको अप्रत्यक्ष रुपले प्रतिक्रिया जनाएको हुनुपर्छ । त्यसको केही दिनपछि राजाले घुमाउरो तवरले धर्मरत्न यमिमार्फत मलाई विद्यार्थीहरुलाई सम्बोधन गरी भाषण नदिन पनि भनेर पठाएका थिए । यसबाट मलाई राजाले लामो कालसम्म पनि आफूलाई खट्केका यस्ता कुराहरु सम्झिराख्दा रहेछन् भन्ने लाग्यो । अन्यथा प्रधानमन्त्री थापा र यमिमार्फत त्यस्ता कुराहरु भन्न लगाउनुपर्ने थिएन । हुन त : २०१८ सालमै डा.रायमाझीले राजासँग मेरो भेट्ने कुरा गल्ती थियो भन्ने मलाई त्यतिखेरै लागिसकेको थियो ।

# कोलकाता : एक चोटि हेरिसकेपछि फेरि हेर्न नपर्ने सहर

नियात्रा संस्मरण

**घनश्याम राजकर्णिकार**



**थाइल्यान्डः जहाँ तीन महिना भिक्षु बन्नुपर्ने राष्ट्रिय परम्परा छ-४**

'टुर्किश बाथ एन्ड मसाज' गरिने केन्द्रहरू ठूला व्यवस्थित होटेलजस्ता भवन हुँदा रहेछन् अनि त्यसको मटानमा सकेसम्म विभिन्न आकर्षक पोसाकमा पङ्क्तिबद्ध भई बसिरहेका असङ्ख्य युवतीहरूका छातीमा तक्माजस्तै सङ्ख्यावाचक सूची हुने रहेछ । ग्राहकहरूले एकएक गर्दै हेरी-छानी मन परेकाले छातीको सङ्ख्यालाई सम्बोधन गरेपछि ती युवती सम्बन्धित ग्राहकको अगाडि पर्न आउँदी रहिछन् । त्यसपछि माथिको रमाइलो कोठामा गएर ती छानिएकी युवतीबाट आफ्नो शरीरलाई नुहाइधुवाइ तथा मसाज (मालिस) गराइदिने परिपाटी भएको थाहा पाउँदा मलाई आश्चर्यैआश्चर्य लाग्यो ।



कोलकाता भारतको सबभन्दा बढी घना बस्ती भएको सहर हो । म यहाँ धेरैपल्ट छोटोछोटो अवधिका निमित्त त गइसकेको थिएँ, तर कहिले पनि पर्यटक भई पर्यटकको दृष्टि लिई गएको थिइनँ । जहिले पनि केही कार्य केही उद्देश्य लिएर मात्र जाने गरेको थिएँ । त्यसो त भारतका केही अरू सहर तथा गाउँहरूको पनि बेलाबखतमा विभिन्न कामले भ्रमण गरेको छु । यसो हेर्दा मलाई कोलकाताभन्दा दिल्ली चम्किलो र दिल्लीभन्दा बम्बई रमाइलो लाग्छ तर पनि कोलकातासँग स्थापित भावनात्मक सम्बन्धले गर्दा कोलकाताका केही संस्मरणहरू खोतलखातल पारी उभिएको छु । म जति आफ्नो देशलाई 'जननी जन्मभूमिश्च स्वार्गादपि गरियसी' ठान्दछु त्यति कोलकातालाई निश्चय नै ठान्न सक्दिनँ तर भारतका अरू कुनै पनि ठाउँभन्दा म बढी कोलकातालाई मन पराउँछु । कोलकाता एक किसिमको मेरो पुनर्जन्म भएको स्थल हो यदि नढाँटीकन भन्ने हो भने । जीवनमरणको दोसाँधमा छटपटाइरहँदा काठमाडौंमा भन्दा साधनसम्पन्न तथा भारतका अरू ठूला सहरहरूमध्ये नजिक पर्ने कोलकाता मेरो आँखाअगाडि आइपुगेको थियो । त्यस बेला म मेरो शरीरभित्र पत्थरविशेषको संरचना भएको हुँदा छटपटाइरहेको थिएँ । शल्यचिकित्सा छोडेर अरू विकल्प केही देखिएको थिएन । त्यस बेला काठमाडौंको अवस्था अहिलेको जस्तो थिएन, डाक्टरहरू पनि त्यो बेला अहिलेजस्ता पोख्त, अनुभवी थिएनन् । आफ्नो उत्कट अभिलाषा र पूज्य आमाको अगाध वात्सल्यप्रेमको फलस्वरूप म कोलकाता पुगेँ त्यस बेलाको राष्ट्रिय फोकर फ्रेन्डसिप विमानमा चढेर । आपद्‌विपद् पर्दा आउने अलौकिक प्रेरणा कस्तो हुन्छ भन्ने सत्यको अनुभव त्यसताका आफूलाई हुनसम्म भएको थियो । हामी बाँचुन्जेल जतिसुकै धाकधक्कु, रबाफ देखाए पनि जीवनमरणको दोसाँधमा पर्दा ईश्वरीय अनुभूति मनमा हुनसम्म हुँदो रहेछ भन्ने तथ्य मैले शतप्रतिशत अनुभव गरेको छु । यदि कसैले यहाँ परमात्मा छैन, ईश्वर बस्ने स्वर्ग देखाइदे म त्यहाँ जान्छु भनी निरर्थक धृष्टता गर्छ भने म उसलाई गालामा एक चड्कन खूब मजाको दिनेछु अनि उसले 'ऐया' भन्नेबित्तिकै म तत्काल प्रश्न गरिहाल्छु, 'खोइ देखाउनुस् हजुरलाई दुखेको भन्ने कुन चराको नाउँ हो, कहाँ कस्तो रूपको हुन्छ त्यो हेरुँ, दर्शन गरुँ ?' निश्चय नै गाला रातो हुँदैमा त्यो पीडा होइन त्यो त एउटा अनुभूति मात्र हो स्वयम् आफैंमा मात्र हुने जहाँ नेत्रदृष्टिको पहुँच हुनै सक्दैन ।

**पुनर्जन्मको खोजमा**

हो, कोलकाताका संस्मरणहरूलाई खोतल्नासाथ सर्वप्रथम मेरा ती दिनहरूको सम्झना हुन्छ, जुन दिनमा म आफ्नो पत्थरी संरचनाको पीडाको शमन गर्न त्यहाँ शल्यचिकित्साका लागि गएको थिएँ । कोलकातामा त्यो मेरो चौथो पटकको पदार्पण थियो । त्यहाँ केन्द्रीय पी.जी. हस्पितलमा पुगेँ । त्यहाँका वरिष्ठ डाक्टरहरूमध्ये एक जना नेपाली पनि रहेछन् जसलाई डा. क्षत्री भन्थे । नेपालीको नाताले उनीबाट केही उपयुक्त सरसल्लाह-पथप्रदर्शन पाउने आशाले म सरासर उनीकहाँ पुगेँ । तर नेपालीले नेपालीबाट आशा गर्ने व्यवहार उनीबाट नपाउँदा निराशाको कटु अनुभव मलाई हुन गयो । मनमा अनेक तर्कना लिँदै बिदाबारी भएर अघि बढेँ । अनि एक जना शल्यचिकित्सक (एफ्.आर्.सी.एस्.) डा. महेन्द्रपालको क्लिनिकमा पुगेँ । ब्रिटिस गोरखा राइफलमा लेफ्टिनेन्ट कर्णेलसम्म भइसकेका चिकित्सक महेन्द्रले राम्रो नेपाली फटटट बोलेको देख्दा पहिले त साह्रै भावविभोर र आनन्दित भएँ । तर बाहिरबाट हेर्दा साह्रै मिलनसार देखिने डाक्टर भित्रबाट अर्थको मात्र मतलब राख्ने भएको चाल पाएपछि त्यहाँबाट पनि सधैंका लागि बिदाबारी भई सरासर लेक भ्यु एभिन्युका प्रोफेसर डाक्टर एस्. कोनारको घर क्लिनिकमा पुगेँ । उनीसँग दुई शब्द बोल्न पाएको थिइनँ मलाई मानौं ठूलो भारी बिसाएझैँ लाग्यो । उनको समझदारीपूर्ण राम्रो व्यवहाले रोगले ग्लानि भई अँध्यारो भएको मेरो मनमा आशाको प्रकाश चम्क्यो । सुनमा सुगन्ध भएका मानवतावादी चिकित्सक एस्.कोनारले पार्क नर्सिङ होममा मलाई भर्ती गराइदिए । मेरो जीवनको ठूलो शल्यचिकित्सा उनीबाट सफलतासाथ सम्पन्न भयो । मेरो न्यानो अभिवादन श्रद्धेय कोनारज्यूमा छ जसले मलाई फेरि जीवनजगत्‌को सबल पथिक बन्न सघाउ गरे, हार्दिक स्नेह पार्क नर्सिङ होमसित छ जहाँ आठ-दस दिन गरेको आरामले मलाई फेरि जीवनको रमाइलो पक्ष अनुभव गरायो, अनि मेरो भावनात्मक सम्बन्ध कोलकातासित छ जसका यी सबै कुराले मेरो हृदयमा अविस्मरणीय छाप छोडेको छ ।

**कालीकाता उर्फ कोलकाता**

कोलकाता सहरको इतिहास जान्न खोज्दा भारतमा अङ्ग्रेजहरूको पदार्पणदेखिको कुरा जान्नुपर्दछ । कोलकाता, मुम्बई, चेनाईजस्ता भारतका ठूलाठूला सहरहरू जुन भव्य रूपमा निर्मित छन् ती सबै खास गरी भारतमा अङ्ग्रेजशासनको प्रतिफल हो भन्नुपर्छ । भारतमा अङ्ग्रेजले पहिलोपल्ट पदार्पण गरेको अकबर बादशाहको राज्यकालमा थियो । त्यस बेला अङ्ग्रेजहरू भारतमा साना व्यापारीको रूपमा आएका थिए र उनीहरूले भारतबाट कपास, अदुवा, मसला, चामल, नरिवल, उखु आदि बेलायतमा नपाइने वस्तुहरू आयात गर्दथे । (क्रमशः)

स्वास्थ्य

# छोकडाको फाइदैफाइदा



काठमाडौं । छोडा (खजुर) पोषक तत्वहरुको भण्डार हो । यसले शरीरलाई धेरै फाइदा पुर्‍याउँछ । यो जाडो मौसममा खाएर धेरै फाइदा लिन सकिन्छ । खजुरमा आइरन, मिनरल, क्याल्सियम, अमिनो एसिड, फस्फोरस र भिटामिन्स प्रचुर मात्रामा पाइन्छ । एउटा छोकडाबाट २३ क्यालोरी प्राप्त गर्न सकिन्छ ।

स्किन एक्स्पटले दैनिक ५ छोकडा खाँदा अचुक फाइदा हुने बताएको छ । यसमा यस्तो चिज हुन्छ जसले हेल्दीको साथै सुन्दर हुन सहयोग गर्छन् । छोकडालाई दूध, दही, सलादको रुपमा खान सकिन्छ भने यतिकै खान सकिन्छ । छोकडामा भिटामिन, आइरन, क्याल्सियम जिङ्क, म्याग्नेसियम भरपुर मात्रामा पाइन्छ । छोकडामा प्रशस्त मात्रामा बिटामिन, आइरन, क्याल्सियम, जिंक तथा म्याग्नेशियम पाइन्छ । यसको सेवनले शरीरमा शक्ति पैदा गर्न मद्दत गर्छ । छोकडालाई दूधमा उमालेर सुत्ने बेलामा चपाएर लगातार खाएमा यौन दुर्बलता कम हुन्छ । र शरीरलाई मजबुत पनि बनाउने काम गर्छ । बिहान-साँझ छोकडा चपाएर खाने र सोही समयमा मनतातो पनि खाएमा कब्जियत हुने समस्या हटाउन सकिन्छ ।

बिहान-साँझ छोगडा खाँदा दमका रोगीलाई राहतको महसुस मिल्छ । यदि कसैलाई घाउ-खटिरा आएमा छोकडाको दानालाई घोटेर लगाउनाले घाउ निको हुन्छ । दैनिक छोकडा खाँदा शरीरमा रगतको मात्रा पनि बढ्छ । जसले रगत कमी हुने समस्यालाई अन्त्य गर्छ । छोकडामा क्याल्सियम पर्याप्त मात्रामा हुने भएकाले हड्डीहरुलाई बलियो बनाउने काम गर्छ । छोकडालाई उचित रुपमा सेवन गरे मधुमेहका रोगीहरुलाई पनि फाइदा मिल्छ ।

यो खानाले अनुहारमा चमक र निखारता आउँछ । यसमा ग्लूकोज र फ्रूक्टोजको मात्रा बढी पाइन्छ, फलस्वरुप तपाईको रोग प्रतिरक्षा शक्ति पनि बढ्छ । वजनलाई सन्तुलिन रुपले बढाउँन मद्दत गर्दछ । थकाइ महशसु भएको बेला खजूर खाएमा तुरुन्तै शरीरमा ऊर्जा भरिएर आउँछ । यसमा भिटामिन बि हुने हुदा यो खादा पिम्पल हट्छ ।

# जीराको औषधीय गुण

जीराको धूलो र काल्चि मिस्रीको धूलो बराबर मिसाएर बिहान्बेलुका १र१ चम्चा पानीसँग खाने गर्नाले पत्थरी हुन लागेको वा पिसाब सम्बन्धी रोग ठिक हुन्छ । जीराको धूलो, धनियाँ गेडाको धूलो र काल्चि मिस्री बराबर मिसाएर १र१ चम्चा बिहान्बेलुका पानीसँग खानाले अमलपित्त समन हुन्छ ।

जीराको धूलो, ५० ग्राम, सिदेनूनको धूलो ५० ग्राम र घ्यूमा फुराएको हिङ १० ग्रामको धूलो सबै मिसाएर मनतातो पानीसँग १र१ चम्चा मह अथवा घ्यूमा मिसाएर दिनको ३र४ पटक रोग अनुसार मात्रा मिलाई खाएमा दीसा धेरै लागेको ठीक हुन्छ । जीरा पानी पकाएर मनतातो पारी कपडा भिजाएर सेक्ने गरेमा ठीक हुन्छ । जीरापानी पकाएर सखर हालेर चिया झै दिनमा ३र४ पटक खाएमा ज्वरो चट्टै जान्छ ।

जिरालाई पानीमा पिनेर लेप लगाउने र तताएर दुखेको ठाउँमा लेप गर्नाले ठीक हुन्छ । यस प्रकारको रोगमा जिरा र मरिच पानीमा पिनेर लेप बनाएर लगाउने गरेमा बिस्तारै ठिक हुँदै जान्छ । जिरा र मिस्री बराबर मिसाएर धूलो पार्ने र चौलानि पानीसँग १र१ चम्चा बिहान्बेलुका खाने गरेमा ठीक हुन्छ ।

छोकडा, मरिच, सिदेनुनको, मुनक्का दाख र जिरा बराबर पिनेर कागती हालेर लेदो अचार बनाउने र सिसीमा राख्ने र बिहानरबेलुका खाना खानु अगाडि १/१ चम्चा चाटेर मात्र खाना खाने गरेमा केही दिनमै अजीर्ण, बान्ता हुने, दीसा लाग्ने जस्ता रोग ठीक हुन्छ र बिस्तारै खाना पनि रुच्दै जान्छ ।

जीरा, बोके जीरा, कालो तिल, सरस्यूँ र रायो सबैको चूर्ण बराबर मिसाएर दूधमा फिटेर बेलुका सुत्ने बेलामा नित्य पोतो वा दागमा लगाउनाले ठीक हुँदै जान्छ । एक टुक्रा दालचिनी एक चिम्टी सुठोको धूलो ५ वटा ल्वाङ, आधा चम्चा जीरा हालेर बेसरी उमालेर दिनमा तीन पटक काँडा बनाएर पिउने गरेमा ठिक हुन्छ ।

प्रवलीकरण गरी घर सुरक्षित बनाऔं । पुननिर्माण गर्दा प्राविधिकहरूको सल्लाह अनुसार घरको प्रवलीकरण गरी घरलाई कम लागतमा सुरक्षित बनाउन सकिन्छ

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# औपचारिक रूपमा बेलायत युरोपेली युनियनबाट अलग



विष्णु भट्टराई

काठमाडौं । युरोपेली संसद्ले बेलायतको ईयू बहिर्गमनसम्बन्धी सम्झौता 'ब्रेक्जिट विथड्रल एग्रिमेन्ट' भारी मतले अनुमोदन गरेको छ । ब्रसेल्सस्थित युरोपेली संसदमा भएको मतदानमा ६२१ सांसदले बहिर्गमन सम्झौता अनुमोदनको पक्षमा मत दिए भने ४९ सांसद विरुद्धमा उभिए । १३ जनाले मत दिएनन् ।

युरोपेली संसद्का अध्यक्ष डेभिड सासोलीले मत परिणाम घोषणा गरेपछि सांसदहरुले प्राचीन स्कटिस गीत ' फर अल्ड लाङ साइन' गाएका थिए। बीबीसीका अनुसार, संसदमा बहस गर्दा कतिपय सांसदहरु भावुक देखिन्थे।

सासोलीले ईयूका तर्फबाट सहमति पत्रमा हस्ताक्षर गर्दै बेलायत ईयूबाट अलग्गिए पनि सधैं युरोपको भाग रहिरहने बताए। उनले 'गुड बाई' भन्न धेरै कठिन हुने पनि उल्लेख गरे।

युरोपियन कमिसन अध्यक्ष युर्सुला भोन डेर लियनले सांसदहरुमाझ ईयू ब्रेक्जिटपछि पनि बेलायतसँग निकट साझेदारका रुपमा रहन चाहेको बताइन्। 'बहिगर्मन सम्झौता केवल पहिलो खुड्किलो हो,'उनले भनिन्, 'बेलायतसँग अब नयाँ साझेदारीका रुपमा सम्झौता सुरुहुनेछ। म स्पष्ट रुपमा ईयू र यूके असल मित्र र साझेदारका रुपमा रहुन् भन्ने चाहन्छु।'उनले मन्तव्य समापन अघि भनिन्, 'हामी सधैं यूकेलाई माया गर्नेछौं। हामी कहिल्यै टाढा हुने छैनौं। युरोप अमर रहोस् ।' बेलायतबाट प्रतिनिधित्व गर्ने ७३ जना सांसदले भने युनियन झण्डा प्रदर्शन गरेर ईयूसँग बहिगर्मनको हर्षोल्लास गरेका थिए ।

विगत २१ वर्षदेखि युरोपेली संसद्मा प्रतिनिधित्व गरिरहेका बेलायतस्थित ब्रेक्जिट पार्टीका नेता नाइजेल फराजले च्याम्बरमा अन्तिम मन्तव्य दिँदै अब ईयूसँग छुट्टिएपछि कहिल्यै नफर्कने बताए। ईयूका कट्टर विरोधी फराजले बेलायतबाट ईयूको बहिगर्मन आफ्नो जीवनकै उपलब्धि भएको पनि बताएका थिए ।

युरोपियन युनियनबाट बाहिरिने बार्गेनिङका विषयमा अल्झिएको थियो ।

कैयौं वर्षसम्मको लामो बहसपछि अन्ततः बेलायतको संसद्ले युरोपेली संघबाट अलग हुन ल्याइएको ब्रेक्जिट विधेयकलाई पारित गरेको छ । त्यसपछि बेलायतकी महारानीबाट स्वीकृत गरे पनि यसले औपचारिक रूपमा कानुन बनेको हो । योसँगै बेलायतले युरोपेली संघ (ईयू)बाट बाहिर निस्कनेतर्फ एक महत्वपूर्ण तथा निर्णायक कदम चालेको बेलायती सरकारको निर्णय पटकपटक असफल भएको थियो । अन्ततः बेलायत ईयूबाट बाहिरिएरै छाड्यो । शुक्रबारदेखि आधिकारिक रूपमा बेलायत बाहिरिए पनि एक वर्षको अवधिलाई संकटकालीन अवस्थाका रूपमा लिइएको छ ।

बेलायती संसद् 'हाउस अफ कमन्स' मा सांसदले युरोपेली युनियनबाट बेलायतको बहिर्गमन (ब्रेक्जिट) का विषयमा नयाँ सहमति खोजेका थिए । बेलायतको संसद्ले यसअघि बेलायती तत्कालीन प्रधानमन्त्री थेरेसा मेले ब्रेक्जिटका बारेमा ल्याएको प्रस्ताव दुईपटक अस्वीकृत गरेका थिए । सो प्रस्ताव विफल भएसँगै बेलायत र युरोपेली युनियनबीचको सम्बन्धमा तनावको अवस्था सिर्जना भएको थियो । प्रधानमन्त्री थेरेसाले आफ्नो प्रस्ताव असफल भएपछि पदबाट राजीनामा दिनुपरेको थियो ।

त्यसपछि निर्वाचित भएका प्रधानमन्त्री बोरिस जोन्सानले ब्रेक्जिट पारित गराउन नसक्दा संसदीय निर्वाचन नै गराए । उनले गराएको निर्वाचनमा उनको पार्टीले बहुमत पाएपछि यो प्रस्ताव संसद्बाट सहजै पारित भएको हो । बेलायतको भर्खरै सम्पन्न निर्वाचनअघि कुनै पनि बहानामा ब्रेक्जिट लम्बिनेमा प्रायः सबै विश्वस्त थिए । ब्रेक्जिटलाई युरोपकै विखण्डीकरणका रूपमा हेरिएको थियो । तर, जब अतिवादीको बहुमतसँगै सत्ताको साँचो बोरिस जोन्सनले पाए, सबै आशा सकिए । अब केही वर्ष ब्रिटेन र ईयू दुवै यही ब्रेक्जिट प्रक्रियाको आआफ्ना थियो । तल्लो सदन हाउस अफ कमन्सले पहिले नै ईयूबाट बाहिरिने सम्बन्धमा यस विधेयकलाई अनुमोदन गरिसकेको थियो । माथिल्लो सदन हाउस अफ लर्डसमा यो विधेयकमाथि व्यापक चर्चा भएको र केही सुझाव पनि पेस भएको थियो ।

यसमा युरोपेली युनियनका नागरिक अधिकार र बाल शरणार्थीसँग सम्बन्धित केही परिवर्तनहरू थिए । यद्यपि, सदनमा छलफलका क्रममा दिइएका बाल शरणार्थीसहितको पाँच सुझावलाई अस्वीकृत गरियो । ती सुझाव अस्वीकृत भएकोमा पूर्वसांसद अल्फ डब्सले निराशा व्यक्त गरेका छन् । हाउस अफ लर्ड्सबाट अनुमोदनपछि पनि हाउस अफ कमन्समा बाल शरणार्थीसँग सम्बन्धित सुझाव अस्वीकृत हुनु अत्यन्तै निराशाजनक भएको उनले बताए ।






संसद् अर्थात् हाउस अफ कमन्सबाट विधेयक स्वीकृत हुनु बेलायती प्रधानमन्त्री बोरिस जोनसनका लागि ठूलो राहतको फैसला हो । कन्जर्वेटिभ पार्टीका नेता जोन्सन ब्रेक्जिटका कट्टर समर्थक नेता हुन् । उनले गत वर्ष बेलायत कुनै पनि हालतमा अक्टोबर ३१ सम्ममा बिनासम्झौता ईयूबाट बाहिरिनु पर्ने चेतावनी दिएका थिए । यसबाट उत्पन्न हुने परिणामका लागि आफू तयार रहेको पनि जोन्सनले बताएका थिए ।

युरोपेली संघ २८ देशको संगठन हो । ती २८ देशका नागरिक एक अर्काको कुनै पनि देशमा खुला आवतजावत गर्न र काम गर्न सक्छ । त्यसैले यसका सदस्य देशबीच आपसमा मुक्त व्यापार गर्न सक्छ । सन् १९७३ मा बेलायत ईयूमा समावेश भएको थियो र अब यस संघबाट बाहिरिने बेलायत पहिलो मुलुक भएको छ । सन् २०१६ जुन २३ को जनमत संग्रहमा ५२ प्रतिशतले युरोपेली संघबाट बेलायत बाहिरिनु पर्ने पक्षमा निर्णायक मतदान गरेको थियो ।

बेलायतमा सन् २०१६ मा भएको जनमतसंग्रहमा ब्रेक्जिटको पक्षमा ५२ प्रतिशतले मतदान गरेका थिए । तर, ब्रेक्जिट प्रक्रियामा सांसदबीच मतैक्य हुनसकेको थिएन । बेलायती संसद् र जनता नै अहिले पनि ईयूबाट बेलायत बाहिरिनुपर्छ वा पर्दैन भन्नेमा विभाजित छन् ।

तत्कालीन प्रधानमन्त्री थेरेसा मेले युरोपेली युनियनसँग दुई वर्षअघि नोभेम्बरमा गरेको सम्झौतालाई बेलायती संसद्ले अस्वीकृत गरिसकेको थियो ।

मेको प्रस्तावमा दुई वर्षअघि मार्च २९ मै बेलायत औपचारिक रूपमा युरोपेली युनियनबाट बाहिरिने सम्झौता भएको थियो । युरोपेली युनियनले बेलायत सरकारको अनुरोधमा सो मितिलाई मे २२ सम्म थप गरेको थियो । प्रधानमन्त्री मेले अघि सारेको एक अर्को प्रस्तावमा संसद्ले ब्रेक्जिटमा सहमति नजनाए पछि उनले प्रधानमन्त्रीको पदबाट राजीनामा दिएकी थिइन् ।

युरोपेली आयोगका अध्यक्ष जाँ-क्लाउड जन्करले एक इटालेली टेलिभिजनसँग कुरा गर्दै बेलायतसँग युरोपेली युनियनको धैर्यता टुट्दै गएको बताएका थिए ।

४७ वर्षपछि युरोपियन युनियन (ईयू) छोड्ने पहिलो युरोपेली मुलुक बेलायत बनेको छ । जनमतसंग्रहमा ब्रिटेनले ईयू छोड्ने पर्ने पक्षमा इङल्यान्ड र वेल्समा अत्याधिक मत खसेको थियो भने स्कटल्यान्ड र लन्डनलगायत केही सहरमा भने ईयू छाड्न नहुने पक्षमा मतदान भएको थियो । सम्पूर्ण युरोप क्षेत्रकै आर्थिक, सामाजिक तथा राजनीतिक भविष्यसमेत निर्धारण गर्नसक्ने ईयूबाट बेलायत बाहिरिएपछि सञ्चार माध्यमले मुख्य विषय बनाइरहेको छ । बेलायतले युरोपियन युनियनको सदस्यता छोड्नुहुँदैन भन्ने अभियानको नेतृत्व पूर्वबेलायती प्रधानमन्त्री डेबिड क्यामरन र लेबर पार्टीका नेता जेरेमी कोर्बिनले गरेका थिए । बेलायत ईयूबाट बाहिरिनुपर्छ भन्ने पक्षमा यूके इन्डिपेन्डेन्ट पार्टीका नाइजल फराज र सत्तारूढ दल कन्जरभेटिभबाट लन्डनका पूर्वमेयर बोरिस जोन्सनले गरिहेका थिए ।

उनीहरूले बेलायत युरोपियन युनियनको सदस्य रहिरहँदा युरोपमा अन्य देशबाट बेलायतमा काम गर्न आउने आप्रवासीले तिरेको करले देशको आर्थिक अवस्था बलियो हुने, ईयूसँगको सम्बन्धले विश्व व्यापारमा ठूलो फाइदा पुग्ने, ईयूको एकताले विश्वव्यापी आतंकवादविरुद्धमा लड्न सकिने तर्क मतदातासमक्ष राखेका थिए । बेलायत युरोपियन युनियनको सदस्य रहिरहनु हुन्न भन्ने पक्षले बेलायतले युरोपका अन्य देशलाई खुला सिमानाले गर्दा देशको आन्तरिक सुरक्षा खल्बलिएको भन्दै सीमा नियन्त्रणमा जोड दिएका थिए ।

उनीहरूले बर्सेनि युरोपेली देशबाट बेलायत आउने आप्रवासीका कारण बेलायतको आर्थिक तथा सामाजिक क्षेत्रमा ठूलो असर परेको, स्वास्थ्य तथा शिक्षा क्षेत्रमा आप्रवासीले कब्जा गर्दा जनजीवनमा प्रत्यक्ष असर परेको तर्क गर्दै बेलायत युरोपियन युनियनबाट बाहिरिनु पर्नेमा जोड दिएका थिए । बेलायतले वार्षिक रूपमा १० अर्ब पाउन्ड युरोपियन युनियनलाई दिँदै आएको सहयोगमा कटौती हुने भएको छ ।

लामो अन्योल, राजनीतिक उतारचढाव र विभाजनपछि अन्ततः बेलायत ईयूबाट औपचारिक रुपमा अलग्गिएको छ । ब्रिटिस जनताले ईयूबाट अलग्गिने पक्षमा मतदान गरेको एक हजार ३ सय १८ दिनपछि बेलायत शुक्रबार राति ११ बजेदेखि ईयूबाट छुटिट्एको हो । गत २३ जुन, २०१६ मा भएको ईयू जनमत संग्रहमा ५१ दशमलव ९ प्रतिशत जनताले अलग्गिने पक्षमा मत हालेका थिए ।

बेलायतले शुक्रबार विशेष कार्यक्रमसहित ईयूलाई बिदाइ गरेको छ । प्रधानमन्त्री बोरिस जोनसनले आफ्नो कार्यालय टेन डाउनिङ स्ट्रिटमा लेजर शो आयोजना गरे। उनले ह्वाइट हलमा दीप प्रज्ज्वलन गर्नुका साथै छुट्टिनुअघि देशवासीका नाममा टेलिभिजनबाट विशेष सम्बोधन गरेका थिए। उनले आफ्नो सम्बोधनमा ब्रेक्जिटलाई एउटा 'नयाँ बिहानी' भनेका छन्।

'आजको रात भन्नुपर्ने सबैभन्दा महत्वपूर्ण कुरा भनेको यो अन्त्य होइन, यो सुरुवात हो,' एउटा भिडियो सन्देशमा उनले भने, 'यो बिहानी प्रहर खुल्ने क्षण हो र नयाँ भूमिकामा पर्दा खुल्नेछ। यो क्षण साँचो रूपमा राष्ट्रिय नयाँपन र परिवर्तनको हो।'

ब्रेक्जिट डेका अवसरमा लन्डनस्थित संसद भवन अगाडि यूकेका चारवटै राज्यको एकताको प्रदर्शन गर्दै संयुक्त अधिराज्यको राष्ट्रिय झण्डा युनियन ज्याक फहराइएको थियो। ब्रेक्जिट पक्षधरहरु दिउँसोदेखि मध्यरातसम्म झण्डा बोकेर नारा लगाइरहेका थिए।

पार्लियामेन्ट स्क्वायरमा आयोजित भव्य'डिभोर्स पार्टी'मा हजारौं सहभागी भए।राति १० बजेदेखि प्रधानमन्त्री कार्यालय टेन डाउनिङ स्ट्रिटमा 'काउन्ट डाउन' घडी राखिएको थियो जहां रातो, सेतो र निलो रंगका बत्ती बलेका थिए। अन्य सरकारी भवनमा समेत दीप प्रज्ज्वलन गरियो। यद्यपि, संसद भवन छेउको 'बिग बेन' ध्वनी भने गुञ्जिएन। अहिले मर्मत भइरहेको उक्त भवनमा घण्टी बजाउन करिब ५ लाख पाउण्ड खर्च लाग्ने भएपछि यसलाई स्थगित गरिएको हो। सर्वसाधारणले सोका लागि क्राउड फण्डिङ क्याम्पियनबाट अढाइ लाख पाउण्ड संकलन गरेका थिए।

*एजेन्सीहरुको सहयोगमा*

# Mahendra Gufa (Cave): A major tourist destnation

visit nepal 2020 Lifetime Experiences

The cave gets its name from former King Mahendra_of_Nepa. This cave was discovered in the late 1950s by young shepherds of Pokhara. Since then it has remained one of the most visited places in Pokhara. It was first properly surveyed in 1976 by a small team of spelaeologists from the UK including Jane Wilson-Howarth who documented the animals that lived in the dark zone of the cave. Copies of the expedition report are lodged with the UK copyright libraries and at the Royal Geographical Society.

## Location

Mahendra Cave is located in the city of Pokhara in the western region of



Nepal. It is about 1100 metres above sea level. It has formed in young (Pleistocene) limestone which is overlaid by conglomerates. The cave can be accessed by visitors from the Pokhara Airport within 30 minutes by taxi, one hour by public buses and two hours by foot. From the Prithvi Buspark, it is ten minutes shorter than from the airport via public vehicles.

## Adventure

The cave corridors are completely dark with continuously dripping water overhead. The cave is formed in limestone, which falls to the ground and continuously forms electrical sparks. Due to the darkness, artificial lighting is provided inside approximately half of the accessible cave. The cave consists of about 100m of easily accessible passages and a further 100m of low unstable corridors entered by way of a collapsed passage only perhaps half a metre high. A survey of the entire cave and lists of the bats and invertebrates living inside are found in the report of the 1976 British cave expedition to the region.

## Sightseeing near Mahendra cave

The place where Mahendra cave lies is full of greenery. The grazing horses and mules can frequently be observed in this area. This place lies in the bottom of a hill covered with greenery. Many surrounding hills full of greenery can be observed from here. Another great cave called Bat Cave can also be visited by travelling in the trail path just beneath the hills within ten minutes by foot.

प्रेरक

## आलोचनाको वर्षा

एक अति सामान्य परिवारबाट उठेर अब्राहम लिंकन अमेरिकाका १६औँ राष्ट्रपति बन्न सफल भए । राष्ट्रपति बनेपछि उनले दासप्रथा अन्त्य गरे । उनले धेरैको वाहवाही पनि पाए । तर, उनका आलोचक पनि कम्ती थिएनन् । कतिपयले पत्रपत्रिकामार्फत पनि उनको आलोचना गर्थे ।

लिंकनको आलोचना निकै बढ्दै गए पनि उनी भने थाहै नपाएजस्तो गरी आफ्नै काममा व्यस्त रहन्थे । राम्रो काम गर्दागर्दै पनि लिंकनको आलोचना भएको देख्दा उनका आफन्त र साथीहरू भने निकै आक्रोशित भइरहेका थिए । उनीहरू स्वयं लिंकनबाटै यसको प्रतिवाद होस् भन्ने चाहन्थे । तर, लिंकनले भने यसबारे चासो दिइरहेका थिएनन् ।

एकदिन लिंकनका अत्यन्त निकट मित्रले मौका मिलाएर सोधे- प्रिय मित्र, तिमी देश र देशवासीका लागि यति राम्रा-राम्रा काम गरिरहेका छौ । तैपनि, मानिसहरू तिम्रो प्रशंसाको साटो चाहिने-नचाहिने आलोचना गरिरहेका छन् । तिमी किन तिनलाई जवाफ दिँदैनौ ? तिमी मौन रह्यौ भने त यी आलोचना सही ठहरिँदैनन् र ? मित्रको कुरा सुनेपछि लिंकन मुसुक्क मुस्कुराए र भने– मेरा प्यारा मित्र, एउटा कोणबाट हेर्दा तिमीले भनेको ठिकै हो । तर, यस्ता वाद-प्रतिवादमा लागेँ भने मैले देश र जनताका लागि कामचाहिँ कहिले गर्नु ? म देश र जनताको हितमा काम गरिरहन्छु ।

मेरा कामले देश र जनताको हित गरे भने आलोचकका मुख स्वतः बन्द हुन्छन् । तर, मैले राम्रा काम गर्न सकिनँ भने यस्ता आलोचनाको थप वर्षा हुन्छ, जसबाट मलाई कसैले पनि बचाउन सक्नेछैन ।

## साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

महत्वपूर्ण काम बिहानै गर्नु राम्रो हुनेछ। आँट गर्दा दिगो काममा हात हाल्न सकिनेछ। बोलीको प्रभाव बढ्नाले विशेष अवसर प्राप्त हुनेछ। मध्याह्नपछि आफ्नै सहयोगीहरू प्रतिस्पर्धामा उत्रिन सक्छन्। आफ्नो प्रतिफलमाथि अरूले राज गर्नेछन्। हठले अप्ठ्यारो पार्न सक्छ। तापनि चुनौतीभित्र अवसर खोज्ने समय छ। नतिजा कमजोर देखिनाले काम दोहोर्‍याउनुपर्ने हुनसक्छ।

### बृष

प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउनेछ। हिम्मतले काम बनाउन सकिनेछ। पछिसम्म लाभ हुने काम प्रारम्भ गर्न सकिनेछ। आजको उपलब्धिले थप उत्साह जगाउनेछ। मध्याह्नपछि नयाँ काम प्रारम्भ हुनेछ। बोलीको प्रभाव बढ्नाले आर्थिक क्रियाकलापमा समेत फाइदा हुनेछ। अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ।

### मिथुन

अरूको करकापमा काम गर्नुपरे पनि आजको श्रमबाट पछिलाई फाइदा हुनेछ। कर्जामार्फत खर्च जुटाउन सकिनेछ। काममा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ। मध्याह्नदेखि सहयोगीहरूले साथ दिनेछन् भने नयाँ कामको प्रस्ताव आउनेछ। स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ। पारिवारिक भेटघाटले खुसियाली छाउनेछ। मिहिनेतीहरूका लागि दिन फलदायी रहनेछ।

### कर्कट

मिहिनेत गर्दा आम्दानीका स्रोत फेला पर्नेछन्। पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ। आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ। मध्याह्नदेखि खर्चिलो काम प्रारम्भ हुनेछ। यसका लागि धेरै रकम जुटाउन र आवश्यकता पूरा गर्न सरसापट लिनुपर्ने हुन सक्छ। विदेश ताक्नेहरूलाई सुखद समाचार प्राप्त हुनेछ। प्रयत्न गर्दा देश-विदेश घुम्ने अवसर जुट्न सक्छ।

### सिंह

परिस्थितिको चक्रमा अलमलिनुपर्दा कार्यसम्पादनमा समय लाग्नेछ। चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ला। तापनि भविष्यका लागि दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। मध्याह्नपछि आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। पहिलेका कामबाट पनि प्रशस्त लाभ हुनेछ। उठ्नुपर्ने रकम हातलागी हुनेछ। आम्दानी बढे पनि सोखले खर्चको मात्रा समेत बढाउन सक्छ।

### कन्या

आँटेका काम बिहानै गर्दा फाइदा हुनेछ। सामाजिक जिम्मेवारी तथा नेतृत्व हातलागी हुनेछ। अध्यात्मभाव जागृत हुनाले परोपकारमा मन जानेछ। मध्याह्नदेखि अलमल बढ्नेछ भने कामको नतिजा कमजोर रहनेछ। अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। शक्तिशाली व्यक्तिहरूसँग प्रतिस्पर्धा गर्नुपर्ला। परिस्थितिको चक्रमा अलमलिनुपर्दा काम बन्न समय लाग्नेछ।

### तुला

प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्‍याउनुपर्ने हुनसक्छ। शरीरमा कमजोरी तथा आलस्य अनुभूति हुनेछ। मध्याह्नदेखि स्थितिमा सुधार आउनाले नयाँ काम गर्ने अवसर जुट्नेछ। विशेष भेटघाटले उत्साह जगाउनेछ। प्रयत्न गर्दा सामाजिक जिम्मेवारी प्राप्त हुनुका साथै आफ्नो वर्ग वा क्षेत्रको नेतृत्व पनि हातलागी हुने समय छ। दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ।

### वृश्चिक

व्यापार-व्यवसायमा सोचेको फाइदा नहुन सक्छ। हिसाबमा देखिएको लाभांश हातलागी हुन समय लाग्नेछ। वादविवादले प्रेम र मित्रताको बन्धन कमजोर रहला। मध्याह्नपछि कामको चाप बढ्नेछ तर सानोतिनो समस्याले अल्झाउन सक्छ। कमजोरीले चिन्ता बढाउनेछ भने परिस्थितिवश चिताएको काम रोकिन सक्छ। अरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन्।

### धनु

सम्भावना देखिए पनि प्रतिस्पर्धा बढ्नाले ठूलो उपलब्धि नहुन सक्छ। नतिजा सच्याउन काम दोहोर्‍याउनुपर्ला। मध्याह्नपछि घुमफिर तथा मनोरञ्जनमा समय बित्नेछ। विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। काममा विचार नमिल्नाले आफन्तसँग मतभेद हुन सक्छ। वादविवादले साथीभाइमा फाटो ल्याउन सक्छ। आतिथ्य खर्चिलो बन्ने देखिन्छ। व्यापारमा भने सामान्य फाइदै हुनेछ ।

### मकर

विशेष काम बिहानै गर्नु फाइदाजनक हुनेछ। अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ। नयाँ काम प्रारम्भ हुनेछ। मध्याह्नदेखि प्रतिस्पर्धामा अलमलिनुपर्ला। प्रतीक्षा गरिएको नतिजा पनि कमजोर रहनेछ। सहयोगीहरूले काममा साथ दिन छाड्नेछन् भने अस्वस्थताले व्यवसायमा बाधा पुर्‍याउन सक्छ।

### कुम्भ

शुभचिन्तकहरूको सुझाव नमान्दा दुःख पाइनेछ। बन्धु-बान्धवबीच आत्मीयतामा कमी आउन सक्छ। अप्ठ्यारा परिस्थिति सुल्झाउन जुट्नुपर्ला। मध्याह्नपछि स्थितिमा सुधार आउनेछ। अध्ययनमा प्रगति हुनेछ। लगनशीलताले राम्रै उपलब्धि दिलाउनेछ। प्रतिभा देखाएरै प्रतिस्पर्धामा अग्रस्थान हासिल गर्न सफल भइनेछ। दिगो काम प्रारम्भ हुनेछ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ।

### मीन

अवसरले पछ्याए पनि चुनौतीहरूसँग जुध्नुपर्नेछ। प्रगतिमा ईर्ष्या गर्नेहरूले दुस्ख दिनेछन्। व्याहारिक समस्याले योजना रोकिन सक्छ। मिहिनेतको नतिजा चित्तबुझ्दो नआउन सक्छ। मध्याह्नपछि भने चुनौती पन्छाएर काम बनाउन सकिनेछ। प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले अग्रता दिलाउन सक्छ। विवादास्पद कामको जिम्मेवारी समेत सजिलै वहन गर्न सकिनेछ।

## समाचार संक्षेप

### समुदाय-प्रहरी साझेदारीअन्तर्गत प्रशिक्षण कार्यक्रम

बर्दिया । समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत गुलरिया नगरपालिका ८ स्थित महाकवी देवकोटा माविमा अध्यनरत विद्यार्थीहरुलाई विभिन्न बिषयमा मंगलबार प्रशिक्षण प्रदान गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय बर्दिया तथा सामुदायिक सेवा केन्द्र गुलरिया बर्दियाको आयोजनामा "एक स्कुल एक कार्यक्रम" अन्तर्गत उक्त विद्यालयमा अध्यनरत विद्यार्थीहरुलाई लागूऔषध, यौन दुर्व्यवहार, साइवर क्राइम, बाल विवाह, बहुविबाह, सडक दुर्घटना, कोरोना भाइरस लगायतका विषयमा श्रव्यदृश्य विधिमार्फत प्रशिक्षण प्रदान गरिएको हो ।

साथै जिल्ला प्रहरी कार्यालय बर्दिया तथा मातहत कार्यालयको सहकार्यमा बढैयाताल गाउँपालिका(२ सियापुरस्थित ओम शान्ति बौद्ध सहकारी संस्थानको हलमा सोही वडाका जेष्ठ नागरिक र महिला आमाहरुलाई कोरोना भाइरस सम्बन्धि प्रशिक्षण समेत प्रदान गरिएको छ ।

### जनचेतनामूलक कार्यक्रम

अछाम । समुदाय-प्रहरी साझेदारी प्रहरी विद्यालय सम्पर्क कार्यक्रम अन्तर्गत साफेबगर नगरपालिका ४ पातालकोटस्थित कालिका माध्यमिक विद्यालय पाटालकोटमा जनचेतनामूलक प्रशिक्षण मंगलबार सम्पन्न भएको छ ।

जिल्ला प्रहरी कार्यालय अछाम तथा ईलाका प्रहरी कार्यालय साफेबगर अछामको आयोजनामा सोही विद्यालयका शिक्षिक तथा विद्यार्थीहरुलाई छाउपडी, बाल विवाह, बहुविवाह, आधारभूत सुरक्षा र लागूऔषध दुर्व्यसनी सम्बन्धी जनचेतनामूलक प्रशिक्षण प्रदान गरिएको हो ।

### अवैध लागूऔषध सहित पक्राउ

काठमाडौं । रुपन्देही, बुटवल उपमहानगरपालिका १४ पदमपुरबाट अवैध लागूऔषध ब्राउनसुगर करिब ५ सय ग्राम सहित सोही उपमहानगरपालिका(११ नहरपुर बस्ने १९ वर्षीय मनिष सुनारलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी नयागाँउबाट खटिएको प्रहरीले लु.८ प ४७४१ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

बझाङ, बुङ्गल नगरपालिका(२ गरौउ बस्ने ६० वर्षीय गगन धामीलाई अवैध लागूऔषध चरेश करिब ५ केजी सहित मंगलबार राति प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी बित्थडचिरबाट खटिएको प्रहरीले चैनपुरबाट महेन्द्रनगरतर्फ जाँदै गरेको ना.७ ख ६५२२ नम्बरको बस जाँच गर्ने क्रममा बसमा सवार धामीलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

काठमाडौं । झापा, बुद्धशान्ति गाउँपालिका बस्ने १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सोही गाउँपालिका २ गोपलाडाँडा बस्ने कमल भन्ने २९ वर्षीय दिल कुमार कामीलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ । कामीले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय बुधबारेबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

रुकुम (पश्चिम), आठबिसकोट नगरपालिका बस्ने ३० वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा सोही नगरपालिका(३ बस्ने जाजरकोट छेडागाड नगरपालिका(११ घर भएका २२ वर्षीय मोहन रावतलाई सोमबार प्रहरीले पक्राउ गरेको छ । रावतले ती महिलालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी पोष्ट स्यालाखदीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

### मोटरसाइकल दुर्घटनामा परी मृत्यु

मोरङ । बुढीगंगा गाउँपालिका ४ पोटियास्थित भित्री सडकमा को.२२ प ५९२२ नम्बरको मोटरसाइकल अनियन्त्रित भई मंगलबार राति दुर्घटना हुँदा गम्भीर घाइते भएका मोटरसाइकलमा सवार सुनसरी दुहवी नगरपालिका २ घर भएका ३५ वर्षीय युवराज सुतिहारको बिराट मेडिकल कलेजमा उपचारको क्रममा मृत्यु भएको छ । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार दुहवी नगरपालिका ११ बस्ने २१ वर्षीय सुरज ऋषिदेवको सोही अस्पतालमा उपचार भइरहेको छ ।

### अन्तर्राष्ट्रिय जलरङ महोत्सव

काठमाडौं । जलरङबाट चित्र सिर्जना गर्ने कलाकारको सबैभन्दा ठूलो मेला 'अन्तर्राष्ट्रिय जलरङ महोत्सव' आगामी भदौ ३१ देखि असोज ६ गतेसम्म काठमाडौं र कास्कीको धम्पुसमा आयोजना हुने भएको छ । यस महोत्सवमा नेपाली कला, संस्कृति र प्राकृतिक विविधता झल्कने छ । महोत्सवमा विदेशी कलाकारले समेत नेपाली कला, संस्कृति र प्राकृतिक विविधताको 'थिम' मा रहेर चित्र सिर्जना गर्नेछन् । उनीहरुलाई विदेशी चित्रका लागि अनुमति दिइने छैन ।

अन्तर्राष्ट्रिय जलरङ समाज नेपालले नेपाल भ्रमण वर्ष सफल बनाउन नेपाली विषयवस्तुलाई प्राथमिकतामा राखेर महोत्सव आयोजना गर्न लागिएको जनाएको छ । आयोजकका अनुसार कला पर्यटनको विकास गर्नु यसको मुख्य उद्देश्य हो । मिति घोषणालगत्तै विभिन्न देशका कलाकारले नेपाल आउने प्रतिबद्धता जनाइसकेका छन् । फिलिपिन्स, भारत, बङ्गलादेश र चीनका कलाकारले समूहगत रुपमै आउने बताएको समाजले जनाएको छ ।

हरेक दुई वर्षमा हुने महोत्सवको पहिलो संस्करण सन् २०१६ मा काठमाडौं र कास्कीको घान्द्रुकमा र दोस्रो संस्करण सन् २०१८ मा काठमाडौंसहित लुम्बिनीमा भएको थियो । यसपटक भ्रमण वर्ष २०२० को अवसरमा आयोजना हुने भएकाले महोत्सवलाई खास बनाउन लागिएको अन्तरराष्ट्रिय जलरङ समाज नेपालका अध्यक्ष एनबी गुरुङले जानकारी दिए ।

'पर्यटन वर्षलाई जोडेर हामीले महोत्सव गर्न लागेका हौँ, यसपालि विदेशी कलाकारले समेत नेपाली कला, संस्कृति र प्राकृतिक क्षेत्रको चित्र बनाउनुपर्नेछ, बाहिरको चित्र हामीले स्वीकार गर्दैनौँ, महोत्सवले कलामार्फत विश्वमा नेपाली पहिचानको प्रचारप्रसार हुने अपेक्षा छ, गुरुङले भने । उनका अनुसार यसपाली गण्डकी प्रदेश सरकार र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाल पर्यटन बोर्डसँग सहकार्य गर्न लागिएको छ ।

पर्यटन प्रवर्द्धनमा कला जतिको सशक्त माध्यम अरू छैन । एउटा कलाकार नेपाल आयो भने उसले कैयौं वर्षसम्म नेपालकै चित्र सिर्जना गरिरहेको हुन्छ । ऊसँग जोडिएका लाखौँले हेरिरहेका हुन्छन् । त्यसले प्रचारप्रसारमा सहयोग पुग्छ । कलाकार तथा प्राध्यापक विश्वराज पराजुली चित्रकार सम्बन्धित देशका कलाका दूत नै हुन् भन्छन् ।

महोत्सवमा कला, प्रदर्शनी, आर्ट डेमोस्ट्रेशन, अन्तरक्रिया, स्थलगत चित्रकला कार्यशालालगायत कार्यक्रम सञ्चालन हुनेछ । विश्वका ख्यातिप्राप्त चित्रकार सहभागी गराउने लक्ष्य राखिएको महोत्सवमा ५० देशका ३५० भन्दा बढी चित्र समावेश गर्ने योजना छ । विदेशी कलाकारलाई शुरुमा समाजले नेपाली विषयवस्तुका तस्बिर पठाइनेछ । उक्त चित्र हेरेर विदेशी चित्रकारले कला सिर्जना गरी पुनः पठाउनेछन् । तयार भएकामध्ये उत्कृष्ट छनोट भएका चित्र मात्रै छनोट हुने र प्रदर्शनी गरिनेछ ।

नेपालको पूर्वदेखि पश्चिमसम्मका सातै प्रदेशको प्रतिनिधित्व हुने गरी चित्रहरु समावेश हुने समाजका सदस्य डिवी राईले बताउनुभयो । मिति घोषणासँगै महोत्सवका तयारीसमेत शुरु भएको छ । रङका विभिन्न माध्यममध्ये जलरङमार्फत चित्र सिर्जना गर्ने समूह महोत्सवमा सहभागी हुनेछन् ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Libel = अर्काको मानहानी वा गाली बेइज्जती हुने किसिमको वक्तव्य, लेखाइ वा भनाइ The trader sued the journalist for libeling him to have adulterated the food (खानेकुरामा मिसावट गर्‍यो भनेर गाली बेइज्जती गरेकोमा ब्यापारीले पत्रकारविरुद्ध मुद्दा दायर गरिदिए)

Microcosm = सानो विश्व, सानो संसार Nepal is a microcosm within the earth where all climates, flora, fauna and colors exist (नेपाल पृथ्वीभित्रको सानो विश्व हो जहाँ सबै हावापानी, प्राणी, वनस्पती र वर्ण पाइन्छ)

Nocturnal = रातको । रातमा गरिएको Owl is an nocturnal bird (लाटोकोसेरो रातको चरा हो )

Orthography= सही उच्चारण English orthography is difficult to master (अंग्रेजी उच्चारणमा निपुण हुनु गाह्रो कुरा हो )

Permeable = छिर्ने, चुहिने, पस्ने, सोस्ने Cotton is a permeable fabric so that it easily absorbs sweat, water or any other type of liquids (सुती कपडाले पसिना, पानीलगायतका कुनै पनि झोल पदार्थ सोस्छ)

Quizzical = उत्सुक । हस्यौली पाराबाट थाहा पाउन चाहने प्रवृत्ति He is very quizzical in his behavior -उसको हाँसी हाँसी अरूको कुरा जान्न चाहने बानी छ)

Relegate = तल्लो दर्जामा सरूवा गर्ने । घटुवा गर्ने Because of the lower performance, their football club was relegated to 'B' Division (नराम्रो पदर्शनको कारण तिनीहरूको फुटबल क्लवलाई बी डिभिजन झारियो)

Scrupulous = गहनरुपले लाग्ने बानी Although he is scrupulous at his duty, he is not that much conscientious about the obligations to his family and friend (आफ्नो कामप्रति गहन रुपले लाग्ने भए पनि ऊ परिवार र मित्रहरूप्रतिको आफूले निर्वाह गर्नुपर्ने कर्तब्यप्रति त्यति उत्साहित छैन)

Transient = धेरै समय नरहने । क्षणिक His happiness following his success in the written examination turned transient when he knew that he was not selected for the position after interview (पदको लागि आफू नछानिएको जब उसले थाहा पायो तव लिखित जाँचमा पास भएको कारण आएका उसका खुसीहरू सबै हावाको झोक्काझैँ क्षणिक बन्न पुगे)

Ursine = भालुको जस्तो Panda is regarded as bear for its ursine appearance (भालुको जस्तो मुख भएको कारण पाण्डालाई पनि भालुकै श्रेणीमा राखिन्छ)

## Give बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Give oneself over to something = दत्तचित्त भएर लाग्नु Nowadays he gives himself over to music आजकाल ऊ संगीतमा दत्तचित्त भएर लागि परिरहेको छ ।

Give something over to something = छुट्टाउनु I have given this room over to my study मैले यो कोठा मेरो अध्ययनको लागि छुट्टाएको छु ।

Give up = मानिदिनु She is of her own and doesn't give up easily उनी आफ्नै ताल कि छिन्, सजिल अर्काको कुरा मान्दिनन् ।

Give somebody up = आशा मार्नु Are you still alive ? We had already given you up तिमी अझै ज्यूँदै छौ ? हामीले त तिम्रो आशा मारिसकेका थियौ ।

Give something up = केही कुरा छाड्नु Finally he gave up his drinking habit अन्तमा उसले पिउने बानी छोडिदियो ।

Give oneself up to somebody = आफैंलाई अर्काको जिम्मा लगाउनु, आत्मसमर्पण गर्नु After being disappeared for a week, he gave himself to police एकहप्ता गाएब भएपछि उसले आफूलाई आफैं प्रहरीको जिम्मा लगायो ।

Give something up to somebody = बुझाउनु He denied giving his passport up to authority उसले आफ्नो राहदानी सरकारी अधिकारीसमक्ष बुझाउन इन्कार गर्‍यो ।

Give up on somebody = कसैमाथि विश्वास नगर्नु As I found him already to have been a liar, I can not give up on him मैले ऊ ढँटुवा हो भन्ने कुरा फेला पारिसकेको हुँदा उसमाथि विश्वास गर्दिन ।

Give away = दिएर सक्नु Before committing suicide he had already given away all what he had आत्महत्या गर्नुअघि आफूसँग भएको सबै कुरा त्यसै दिएर सकेको थियो रे ।

Give and take = लेन देन Relationship lasts only if there is equally give and take सम्बन्ध दिगो हुन लेनदेन भन्ने कुरा बराबरी हुनुपर्छ ।

## सुडोकु-अंक १८६

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ९ | | | | | ७ | ४ | |
| | ६ | | | | ४ | | | |
| ३ | ४ | | | ६ | २ | | | |
| ५ | | | | | ३ | | | |
| | | ८ | | | | ९ | | |
| | | | ५ | | | | | १ |
| | | | १ | ३ | | | ६ | ९ |
| | | | ४ | | | | ८ | |
| | ५ | ९ | | | | | २ | |

## अंक १८५ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | २ | ५ | ८ | १ | ४ | ३ | ७ | ९ |
| ४ | ७ | १ | ३ | २ | ९ | ५ | ६ | ८ |
| ८ | ३ | ९ | ५ | ५ | ७ | २ | ४ | १ |
| ३ | ४ | ७ | ९ | ५ | ६ | १ | ८ | २ |
| २ | १ | ६ | ७ | ३ | ८ | ९ | ५ | ४ |
| ५ | ९ | ८ | २ | ४ | १ | ६ | ३ | ७ |
| १ | ८ | ४ | ६ | ९ | ३ | ७ | २ | ५ |
| ७ | ५ | ३ | १ | ८ | २ | ४ | ९ | ६ |
| ९ | ६ | २ | ४ | ७ | ५ | ८ | १ | ३ |

# के हो सगरमाथा संवाद (डायलग)?

● सुधाकार्ल

**१) सांग्रिला डायलग**

एसिया र प्रशान्त क्षेत्रका राष्ट्रहरुका सेना प्रमुखहरुले यस क्षेत्रमा सामूहिक सामरिक सुरक्षाको अवधारणाको विकाश गर्नु पर्छ भनेर सन २००२ मा सिंगापुरको सांग्रिला होटलमा सम्मेलन गरी सांग्रिला डायलगको शुरुवात गरेका थिए । चीनको वढदो आर्थिक र सामरिक शक्तिलाई केन्द्रमा राखी त्यसबाट यस क्षेत्रलाई कसरि सुरक्षा गर्न सकिन्छ भन्ने यस डायलगको उद्धेश्य थियो र इन्टरनेशनल इस्टिच्यूट अफ स्ट्राटेजिक स्टडीको आयोजनामा हुने यसको डायलगको पछिल्लो सम्मेलन सन २०२० को जून महिनाको ५ देखि ७ सम्म हुने जनाइएको छ ।

**२) राइसिना डायलग**

त्यसैगरी अवर्जरभर रिसर्च फाउण्डेसन र भारत सरकारको संयुक्त अगुवाइ राइसिना डायलग सन २०१६ देखि भारतको राजधानी नया दिल्लीमा हुदै आएको छ । हरेक दुइ वर्षमा आयोजना हुने यस डायलगको उद्धेश्य सांग्रिला डायलगको जस्तो शुध्द सामरिक नभै सामरिक, यस क्षेत्र भूराजनीतिक स्थिति र आपसि सहयोगका संभावनाहरु वारे अनुसन्धान गरी सहयोगका रणनीतिहरु अख्तियार गर्ने भनिएको छ ।

माथिका दुवै डायलगलाई जसरी वुझेपनि अन्ततोगत्वा अमेरिकाको हिन्दप्रशान्त क्षेत्रिय रणनीतिको थिंक ट्याकको रुपमा लिने गरिएको छ । उक्त दुवै डायलगमा नेपालको मंत्री स्तरमा प्रतिनिधित्व हुदै आएको छ । यसबाट के बुझिन्छ भने नेपालले आफुलाई हिन्द प्रशान्त क्षेत्रको सामरिक रणनीति भित्र संलग्न गरिसकेको छ । पछिल्लो अवस्थामा गत महिनामात्रै नेपाल सरकारले काठमाण्डौमा रहेका उत्तर कोरियाली व्यवशायीहरुलाई आफ्नो व्यवशाय वन्द गरी उत्तर कोरिया फर्कन वाध्य पार्नुले पनि के इंगित गर्छ भने नेपाल जानेर हो वा नजानेर हो हिन्द प्रशान्त क्षेत्रको सामरिक संलग्नता भित्र परिसकेको छ ।

**सगरमाथा डायलग**

यसै वीच माथि भनिएका सांग्रिला र राइसिना डायलग जस्तै नेपाल सरकारले पनि आउदो २०२० अप्रिल २ देखि ४ तारिख सम्म इस्टिच्यूट अफ फरेन एफेयर्स संगको सहकार्यमा सगरमाथा डायलगको शिखर बैठक आयोजना गर्ने बताएको छ र यस डायलगलाई माथिका दुइ डायलग जस्तै विश्व (ग्लोवल) स्तरको हुने र हरेक दुइवर्षमा एक पटक काठमाण्डौमा हुने जनाएको छ । यस डायलगको उद्धेश्य मानविय तथा आर्थिक सामूहिक सम्बृद्धि मात्रै हुने बताइएको छ र यस डायलगको प्रथम बैठकको नारा भने जलवायु परिवर्तन, पर्वत र मानवताको भविष्य हुने जनाइएको छ । यसको लागी सगरमाथा डायलगको स्थायी सचिवालयको स्थापना पनि नेपाल सरकार परराष्ट्र मंत्रालयले गरिसकेको जनाइसकेको छ ।

यस सम्मेलन ताका हिन्द प्रशान्त क्षेत्रका राष्ट्रहरुले जलवायु परिवर्तनले नेपाली हिमालय पर्वतमा र विश्वमै पारेका असर वारे छलफल गरी त्यस विरुद्ध के कस्ता क्रियाकलाप गर्न सकिन्छ सो गरी दिगो विकाशलाई वहुआयामिक प्रयत्न र प्रकृयाद्वारा योगदान गर्न आवश्यक निर्णय लिने बताइएको छ ।



यस डायलगको बैठकले नेपालको अन्तराष्ट्रिय छवी उजिल्याउने मात्रै नभै जलवायु परिवर्तनको कारण नेपालले भोग्न परेको समस्यावारे विश्वले अवगत हुने मौका पाउने बताइएको छ ।

**साँच्चै हुन्छ त यस डायलगको बैठक?**

सरकारले यस डायलगको बैठक भव्यताका साथ हुने अनि भारत र पाकिस्तान दुवै देशका प्रधानमंत्रीले भाग लिने बताएको छ । नेपालको कुटनीतिक इतिहासमै पहिलो पटक हुन लागेको यस डायलगको बैठकमा हिन्द प्रशान्त क्षेत्रका र अन्य गरी १५० का राष्ट्रका नेताहरु, क्षेत्रका विज्ञहरु तथा नागरिक समाजका प्रतिनिधिहरु, दक्षिण एसियाली सहयोग संगठन सार्क र संयुक्त राष्ट्रसंघका प्रतिनिधिहरुको उल्लेख्य सहभागिता हुने जनाएको छ । बैठकको अर्को आर्कषण भनेको संयुक्त राष्ट्रसंघका महासचिव आन्तोनियो गुतेरेस तथा फिनलैण्डको परराष्ट्रमंत्री पेक्का हाभिस्तोको सहभागिता हुने जनाइएको छ । अचम्मको कुरा के छ भने यस सगरमाथा डायलगको यति ठूलो सम्मेलन नेपालले कुन श्रोतबाट गर्दैछ भन्ने खुलाइएको छैन भने उत्तरी छिमेकी चीनको यसमा सहभागिता हुन्छ कि हुदैन र हुन्छ भन्ने कुन स्तरमा हुन्छ भन्ने कुनै कुरा खुलाइएको छैन । एमसिसि र कालापानी मुद्दाले नेपाललाई जलाइरहेको अवस्थामा हुन लागेको भनिएको यस बैठकमा भारतीय प्रधानमंत्री मोदि नआउने भन्ने हल्ला पनि चलिरहेको र चीनको प्रतिनिधित्व नहुने हो भने यो घुमाइ फिराई नेपाललाई केन्द्र विन्दु बनाउने हिन्द प्रशान्त अमेरिकी रणनीतिकै अंश हो भन्ने आवाज पनि उठीसकेको परिप्रेक्ष्यमा कतै सगरमाथा डायलगको भ्रूणनै पतन हुने त होइन भन्ने शंका उठीसकेको छ ।







SAGARMATHA
SAMBAAD




# विकास निर्माण धमाधम, विराटनगर-रंगेली-उर्लाबारी सडक अन्तिम चरणमा

विराटनगर। सडक, भवन निर्माण, सिंचाइ, खानेपानीलगायत क्षेत्रमा सरकारको तदारुकता देखिँदै आएको छ । हुलाकी राजमार्गअन्तर्गत मोरडको पुरानो सदरमुकाम रंगेली बजार क्षेत्रमा चार लेन सडक विस्तारको काम सुरु भएको छ । कानेपोखरी-रंगेली सडक धमाधम कालोपत्रे भइरहेको छ ।

सडक विस्तारको ठेक्का कालिका-मैनाचुली-भेडेन्सी जेभीले ७९ करोड २५ लाख ८६ हजार रुपैयाँमा पाएको छ । हुलाकी राजमार्ग निर्देशनालयले पहिलो चरणमा रंगेलीको बजार क्षेत्रमा सडक विस्तारको काम थालेको हो ।

हुलाकी राजमार्गको मोरङ खण्डअन्तर्गत रंगेली हुँदै झापाको भद्रपुर जोड्ने सडक चार लेनमा विस्तार गर्ने योजना तीन वर्षभत्र सक्ने लक्ष्य छ । यही योजनाअनुसार रंगेली नगरपालिकाको कोल्डस्टोरदेखि मधुवनी चोकसम्मको ४.९ किलोमिटर सडक विस्तार गरी चार लेनको बनाउने काम धमाधम भइरहेको आयोजना प्रमुख रमेश सिंहले जनाए ।

२०३४ साल असार २० गते राजपत्रमा छापिएको सूचनाअनुसार विराटनगर-रंगेली-उर्लाबारी (झापा) सडकलाई



सहायक राजमार्ग बनाएर राजमार्गको मध्यबिन्दुबाट दायाँ-बायाँ १५-१५ मिटर कायम गरिएको थियो । राजपत्रमा प्रकाशित यही सूचनाका आधारमा रंगेली नगरपालिकाको सडक सीमा क्षेत्रभित्र रहेका संरचनाहरु हटाइएको छ । डिभिजन सडक कार्यालय विराटनगरले गत वर्ष नै सडक सीमा निर्धारण गरी विराटनगर-रंगेली-उर्लाबारी क्षेत्रलाई सहायक मार्गको रुपमा फराकिलो पार्न आवश्यक भएकाले संरचना खाली गर्न सार्वजनिक सूचना जारी गरेको थियो ।

मेचीको बीच भागमा पर्ने ठाउँ भएकाले १९४५ मा मोरङको सदरमुकाम रंगेली कायम गरिएको थियो । त्यस बेलादेखि रंगेली चर्चामा आयो । १९७२ देखि रंगेली सामान्य बजार र खरिद बिक्रीको केन्द्र बन्यो । १९४६ मा तत्कालीन प्रधानमन्त्री वीरशमशेरले सरदार कालिदास कोइरालालाई प्रथम बडाहाकिमको रुपमा रंगेली पठाउँदा रंगेलीको विकासको थालनी भएको जानकारहरु बताउँछन् ।

१९४७ मा रंगेली अस्पताल स्थापनासँगै काठ महल, वन जाँच, अमिनि, माल, कचहरी, गोश्वारा, जेललगायत स्थापना गरियो । विक्रम सम्वत १९७१ सालमा चन्द्रशमशेरले रंगेलीबाट सम्पूर्ण सरकारी कार्यालय विराटनगर सार्ने निर्णय गरेपछि विराटनगर सदरमुकाम बन्यो ।

हुलाकी सडक जोड्ने सहायक मार्गको रुपमा रहेको कानेपोखरी-रंगेली सडकको कालोपत्रेको काम भने अन्तिम चरणमा पुगेको छ । हुलाकी सडक आयोजनाका क्षेत्रीय योजना प्रमुख रमेश सिंहले कानेपोखरी–रंगेली सडकमा आयोजनाले गर्ने ९६ प्रतिशत काम सकिएको जानकारी दिए ।

महेन्द्र राजमार्गसँग हुलाकी सडकलाई जोड्ने कानेपोखरी-रंगेली खण्ड भित्री सडक हो । कुल २५ दशमलव ४ किलोमिटर लम्बाइको यो सडकमा कुल ७० करोड २४ लाख ३१ हजार ६७९ रुपैयाँमा लामा डाँफे दी कन्चनजंघा कन्स्ट्रक्सन प्रालिसँग ठेक्का सम्झौता भएको थियो ।

यो सडकमा सुरुमा भारतीय ठेकेदार कम्पनी जिभिआर इन्फ्रा प्रोजेक्ट लिमिटेड चेन्नइसँग ठेक्का सम्झौता भएको थियो । २०११ को मार्चमा काम सुरु गरेर २०१३ को अगस्तमा नेपाल सरकारलाई हस्तान्तरण गर्ने गरी सम्झौता भए पनि भारतीय कम्पनी १८ महिनापछि काम अलपत्र पारेर सम्पर्कविहीन भएको थियो । त्यसपछि भारत सरकारको अनुदान सहयोगमा नेपाली निर्माण कम्पनी डाँफे द कन्चनजंघा कन्स्ट्रक्सन प्रालिले सो सडक कालोपत्रे गर्ने जिम्मा पाएको थियो ।

डाँफेसँग ०७६ असार ५ गतेभित्रै सडक कालोपत्रे गरिसकेर सरकारलाई जिम्मा लगाउने सम्झौता भएको छ । २५ किलोमिटरमा लामो उक्त सडकमा ६० वटा कल्भर्टहरु निर्माण गरिसकिएको ठेकेदार कम्पनीले जनाएको छ ।

## कोषको...

उक्त घूस कमिसन लिने दिने कहाँ छन् भनी खोजी हुँदैछ । सञ्चालक समिति बोर्डले सिफारिस देखाइ कोषमा लुट गर्ने योजना कर्मचारीबाट भएको आशंका छ । यसको रहस्य खोजी हुँदैछ ।

लुम्बिनी विकास कोषमा राष्ट्रिय र अन्तर्राष्ट्रिय सहयोगहरु सन् १९४९ देखि लुट र दुरुपयोग हुँदै आएको छ । अन्तर्राष्ट्रिय सहयोग जुटाउने साविक दक्षिण एसियाली समिति पनि विघटन भएको छैन । सबै प्रकारका भ्रष्टहरु र दलालहरुको कमाउने ठाउँ कोष बनेको छ । नेकपा महासचिव विष्णु पौडेल र मुख्यमन्त्री शंकर पोखरेलले कर्मचारीबाट कोषको बजेट र सहायताहरु लुट गर्ने योजनामा उक्त कोषको नियमावली संशोधन गर्न दबाब दिएको आशंका छ । यसमा छिमेकी देश चीन, भारत, बर्मा, श्रीलंका, थाइल्यान्डको सहयोगहरु पनि रोकिने सम्भावना छ । एकथरी कर्मचारीहरु चिनियाँ डिजाइनमा उक्त नियमावली संशोधन भएको आरोप लगाउँछन् । तर यसको सत्यता छैन । भारतको यस कोषप्रतिको दृष्टिकोण र स्वार्थ सम्बन्धमा पनि भारतीय बुद्धमार्गीको कुनै प्रतिक्रियाहरु आएका छैनन् ।

## पशुपति...

कार्यक्रम संयोजक लगायतको आफूले आफैंलाई उत्कृष्ट ठहर गरी नगद र प्रमाणपत्र लिएको क्याम्पसका शिक्षकहरुको गुनासो छ ।

राजनीति भागबन्डा र निकट नाताको आधारमा सम्मान पुरस्कृत गरिने चलनले उक्त क्याम्पसको पठनपाठन अझै बिग्रने बताइन्छ । उत्कृष्ट प्राध्यापकहरु र कर्मचारीको आचरण, चरित्र, पठनपाठन क्षमता दक्षता हेरी जाँची मात्र पुरस्कृत र सम्मान गर्ने प्रचलन क्याम्पमा तोडिएको छ । सबै प्रकारका भ्रष्ट र नालायकहरुले पुरस्कार र सम्मान पाउने चलन र परम्पराप्रति स्थानीय अभिभावकहरु पनि चकित छन् ।

सञ्चालक समितिका अध्यक्ष चन्द्रप्रसाद त्रिपाठी पनि नालायक भएकाले पनि नालायकहरुलाई पुरस्कृत र सम्मान गरिएको आरोपहरु छन् । सो सम्मान र पुरस्कार पाउनेमा ३ जना, सहायक क्याम्पस प्रमुख र ५ जना संयोजकहरु रहेका छन् । मूल्यांकन सिफारिस समितिमा आफूले आफैंलाई सिफारिस गरी सम्मान पाउने भ्रष्ट क्याम्पसभित्र पशुपति बहुमुखी क्याम्पस परेको गुनासोहरु छन् ।

## सैन्यस्वार्थ...

असफल बनाउन अमेरिकाले अघि बढाएको इन्डोप्यासिफिक स्ट्राटेजीकै अंग हो एमसीसी । अमेरिकी सरकारले प्रदान गर्ने ५० करोड डलर र नेपाल सरकारको १३ करोड डलर गरी कुल ६३ करोड डलर अर्थात ६३ अर्ब नेपाली करेन्सी बराबरको परियोजना हो एमसीसी । यो अनुदान परियोजना प्राप्त गर्ने नेपाल दक्षिण एसियाली देशमै एकमात्र हो । यो परियोजना कार्यान्वयनका लागि एमसीसीसँग सम्झौता भएका कुल २७ देश रहेका छन् । जसमध्ये १७ वटा देशले संसदबाटै अनुमोदन गरेका छन् भने नेपाल लगायत १० वटा देश कार्यान्वयनको चरणमा रहेका छन् । १३-१५ मे २०१९ सम्म नेपाल भ्रमण गरेका दक्षिण एसियाका लागि अमेरिकी एक्टिङ डेपुटी असिस्टेन्ट सेक्रेटरी डेभिड जे रान्चले मिलेनियम च्यालेन्ज कर्पोरेसन कम्प्याक्ट प्रोग्राम अमेरिकी इन्डोप्यासिफिक स्ट्राटेजीको भाग रहेको उतिबेलै बताएका थिए । आठ महिनापछि अमेरिकी दुताबासले पुनः त्यही कुरा स्पष्ट पारेको छ । अमेरिकी दुताबासले इन्डोप्यासिफिक रणनीतिकै पाटो हो भनिसकेको छ ।

इन्डोप्यासिफिक स्ट्राटेजी वास्तवमा दक्षिण एसिया तथा हिन्द महासागर राष्ट्रको समर्थन आफूसँग जुटाइरहने प्रयत्न एउटा पाटो हो । जसको मूल काम भनेको विश्व शक्तिराष्ट्र अमेरिकाको सैन्य सामर्थ्यलाई बनाइराख्ने उद्देश्यसँग निहित छ । त्यसको प्रभावमा दिगो आर्थिक वृद्धि र रिजनल कनेक्टिभिटी भरपर्ने अमेरिकाले नै व्याख्या गरेको छ । कनेक्टिभिटी भन्नाले जल, हवार्ड, सावर, स्पेशडेमेन तथा साँध सिमानामा देखिने कठिनाइ वा असमझदारीलाई शान्तिपूर्ण तरिकाले हल गर्ने अवधारणा अघि सारिएको छ । आर्थिक तहमा व्यापार, लगानीको वातावरण, यातायात आदिका क्षेत्रमा विस्तार गर्ने तयारी, साझेदारी, क्षेत्रीय सञ्जालको प्रबर्द्धन इन्डोप्यासिफिक रणनीतिको मूल उद्देश्य बताइएको छ । ६४ पेज लामो यो इन्डोप्यासिफिक रणनीतिमा जुन व्याख्या गरिएको छ, त्यो अर्थराजनीतिक रुपमा छिमेकी मुलुक चीनको सम्बन्ध विस्तारको बेगलाई रोक्ने अर्थमा छ ।

बीआरआईमा सहभागी भई चिनियाँ सहयोग लिन मिल्छ भने एमसीसीमा सहभागी भएर अमेरिकी सहयोग लिन किन मिल्दैन ? भन्ने तर्क गरिँदैछ । नेपाल बीआरआईमा सहभागी भएको विशुद्ध पूर्वाधार विकासका लागि हो न कि चीनको सैन्य अभिष्टता पूरा गर्न । यदि एमसीसी अमेरिकाको सैन्य रणनीतिसँग जोडिँदैन र आर्थिक पूर्वाधारमा मात्रै सीमित हुन्छ भने नेपाल सहभागी हुन मिल्छ । तर एमसीसीसँग जोडिएर आउने आइपीएस सैन्य रणनीतिक अभिष्टताका लागि गठजन भएको हो भन्ने स्पष्ट भइसकेको अवस्थामा नेपाल कसरी त्यसमा सहभागी हुन सक्छ ? अमेरिकासँग लुटपुटिने अनि मित्रराष्ट्र चीनका विरुद्धमा जान नैतिकताको दृष्टिकोणले मिल्दैन । नेपालले अंगिकार गरेको विदेश नीति असंलग्न हो । जुन पञ्चशीलको सिद्धान्तमा आधारित छ ।

सन् २०१३ मा चीनद्वारा सुरु गरिएको र युरोप, एसिया, अफ्रिकाका अधिकांश राष्ट्र संलग्न रहेको नयाँ सिल्क रोडको अवधारणा कार्यान्वयन हुँदा चीनको साख बढ्ने र आफ्नो साख घट्ने चिन्ताले नै इन्डोप्यासिफिक रणनीति तयार गरिएको हो भन्ने कुरा अमेरिकी बी डिपार्टमेन्ट अफ डिफेन्स इन्डोप्यासिफिक स्ट्राटेजी रिपोर्ट, १ जुन २०१९ को प्रतिवेदनमा प्रष्ट्याइएको छ । शक्ति, क्षमता, क्षेत्रीय प्रतिस्पर्धा आर्थिक वृद्धिको स्तर मापन गरेर भारतलाई दक्षिण एसियाली राष्ट्रमा मूल खम्बा बनाएर आइपीएस अख्तियार गर्न अमेरिका यतिबेला कम्मर कसेर लागेको देखिन्छ । त्यसैले एमसीसी सैन्य स्वार्थ नभएको आर्थिक प्याकेज होइन ।

## संवैधानिक...

राष्ट्रपतिको आलोचना भएको थियो । राजनीतिक नियुक्तिहरुमा चासो दिने र भाग खोज्ने कामले पनि राष्ट्रपतिको पदलाई शोभा दिँदैन ।

अहिले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको चर्चा चलिरहेको छ । शैक्षिक सुधारका नाममा राष्ट्रपति कार्यालयलाई ५ अर्बको बजेट छुट्याएर राष्ट्रपति कार्यालयलाई कार्यपालिकाको भूमिकामा संलग्न गराएको छ । विभिन्न विद्यालयहरुको स्वर्ण, हिरक र शताब्दी महोत्सवमा प्रमुख अतिथिको भूमिकामा राष्ट्रपति जाँदा उक्त रकमबाट अनुदान दिन सक्ने गरी कार्यविधि बनाइएको छ । राष्ट्रपतिका नाममा शैक्षिक कार्यक्रमहरु सञ्चालन हुनु नराम्रो नभए तापनि बजेट खर्च गर्ने भूमिकामा समेत राष्ट्रपतिलाई संलग्न गराउनु राम्रो होइन । यसले अनावश्यक रुपमा राष्ट्रपतिलाई विवादमा तान्न सक्छ । राष्ट्रपति कार्यालयका कर्मचारीहरुले बजेटमा कमिसन खोज्न थाले भने त्यसको बदनामीमा राष्ट्रपति समेत जोडिनुपर्ने हुन्छ । त्यसैले राष्ट्रपतिलाई आर्थिक भूमिकामा जोड्ने काम कदापि गरिनुहुन्न ।

## शर्मा अब...

गरियो । वि.सं. १९४७ मा इलामको मध्यम वर्गीय परिवारमा जन्मनुभएका शर्मा एक अनुभवी मिडियाकर्मी हुनुहुन्थ्यो । उहाँले लामो समय नेपाल टेलिभिजनमा महाप्रबन्धकका रुपमा कार्य गर्नुभयो । सरकारी टेलिभिजनलाई जीवन्त पार्न उहाँले गरेको योगदानको सबैले मुक्तकण्ठले प्रशंसा गरेका छन् ।

शर्माले नेपाल टेलिभिजनमा चलाएको 'विश्व घटना' कार्यक्रम निकै लोकप्रिय थियो । यही कार्यक्रमका कारण उहाँले नेपाली जनताबाट धेरै प्रशंसा पनि पाउनुभएको हो । शर्मा सञ्चारकर्मी, पत्रकार मात्र नभएर राम्रो लेखक पनि हुनुहुन्थ्यो । उहाँले 'बिना राहदानीको विदेशयात्रा', 'बरसा आमसञ्चार म', र 'हेन्डबुक अन ब्रोडकास्ट जर्नालिज्म', जस्ता धेरै पुस्तकहरू पनि लेख्नुभएको छ ।

रिपब्लिका र नागिक दैनिकजस्ता मुख्य धारका दैनिक समाचारपत्रहरूमा समेत समसामयिक विषयहरूमा शर्माका लेखहरू प्रकाशित छन् ।

## नेपाललाई...

भन्साररहित सुविधा पाउँदै आएका कारण नेपाली कृषि उपजको प्रतिस्पर्धात्मक क्षमता बर्सेनि कमजोर हुँदै गएको छ । यसअघि पनि उच्च अनुदानबाट लाभान्वित भारतीय कृषि क्षेत्रलाई लक्षित गर्दै ल्याइएका पछिल्ला कार्यक्रमले नेपालको कृषि क्षेत्र थप निरुत्साहित हुने सम्भावना छ । भारतसँगको व्यापार घाटामा कृषिजन्य उत्पादन तथा औजारको हिस्सा एक तिहाइभन्दा बढी छ ।

# सुरू भयो भ्यालेनटाइन, आज रोज डे

■ स्मृति शर्मा

१४ फेब्रुअरी अर्थात् भ्यालेनटाइन डे आउन सात दिन बाँकी छ । तर यसको सुरुवात आजबाटै भएको छ । सात दिनसम्म भ्यालेन्टाइन डे मनाइन्छ । यसअनुसार आज रोज डे हो । प्रेमीप्रेमिकाहरुले गुलाबको रातो फूल आदानप्रदान गरेर आजको दिनलाई प्रणय दिवसको सुरुवाती दिनका रुपमा मनाउँछन् । प्रणय दिवस यद्यपि नेपाली संस्कृति होइन तर पछिल्लो समय क्रिसमस डेको समेत नेपालमा रौनक बढेको छ भने भ्यालेनटाइन डेले युवायुवतीलाई नछुने कुरै आएन ।




भ्यालेन्टाइन डेको सुरुवात इसवी सन् २६९ मा इटालीको रोमबाट सुरु भएको मानिन्छ । तेस्रो शताब्दीका रोमन शासक सम्राट कलाउडिस दोस्रोले देशबासीलाई सैन्य भर्तिमा सामेल हुन उर्दी जारी गरे । महिलासँगको सम्बन्धका कारण पुरुष कमजोर हुने सोची प्रेम र विवाहमा प्रतिबन्ध लगाए । प्रेम र विवाहले सैनिकहरु सुरवीर नहुने सम्राटको विचारसँग केही सहमत पनि भए । धेरैले विरोध गरे । मुख्यतया रोमका पादरी भ्यालेनटाइनले सम्राटको आदेशलाई गलत ठह्र्याए । उनले विवाह गर्न चाहने सैनिकहरुको चर्चामा विवाह गराए ।

राजाको आदेशको पालना नगरेको भन्दै पादरी भ्यालेनटाइनलाई गिरफ्तार गरियो । सन्त भ्यालेनटाइनलाई कारागारमा बन्दी बनाइयो । त्यही बेला उनले जेलरकी दृष्टिविहीन (अन्धी) छोरीसँग प्रेम गरे । जब भ्यालेनटाइनलाई मृत्युदण्डको सजाय सुनाइयो उनले एउटा प्रेमपत्रमा 'लभ फ्रम योर भ्यालेनटाइन' भनेर लेखे र जेलरलाई आफ्नी छोरीलाईदिन भने । उनले यो पनि भन्न भ्याए 'मेरो मृत्युपछि मेरा आँखा तपाईंकी अन्धी छोरीलाई दिनु ताकि उनले संसार देख्न सकुन्' इ.सं. २६९ फेब्रुअरी १४ का दिन भ्यालेनटाइनलाई मृत्युदण्ड दिइयो । त्यसपछि जेलरकी छोरीको अवस्था के रह्यो ? त्यो अज्ञात नै छ । तर भ्यालेनटाइनको प्राण गएको १४ फेब्रुअरी भने प्रेम दिवसमा परिणत भयो । प्रेम दिवस पहिले पश्चिमी मुलुकहरुमा मात्र मनाइन्थ्यो । तर अहिले विश्वव्यापी बनेको छ । मुस्लिम देशहरुमा भने यसले कुनै अर्थ राख्दैन । तर त्यस्ता देशहरुले सिस्टर डेको खोजी गर्न थालेका छन् । नेपालमा भने युवा जोडीले ठूलै उत्सवका रुपमा मनाउने गरेका छन् ।

भ्यालेनटाइन डेका महत्वपूर्ण दिनहरु आजबाट सुरु भएका छन् । फेब्रुअरी ७ रोज डे, फेब्रुअरी ८ प्रपोजडे, फेब्रुअरी ९ चकलेट डे, फेब्रुअरी १० टेड्डी डे, फेब्रुअरी ११ प्रमिस डे, फेब्रुअरी १२ हग डे, फेब्रुअरी १३ किस डे, फेब्रुअरी १४ भ्यालेनटाइन डे, अर्थात् सबैभन्दा महत्वपूर्ण दिन । यस दिन युवायुवतीहरु आफूले मनपराएको व्यक्तिलाई रातो गुलाफको फूल, कार्ड र उपहार दिई प्रेम प्रस्ताव राख्ने गर्छन् । मोबाइल फोन, एसएमएस, फेसबुक र नियमित च्याटले युगल जोडी धेरै नजिक हुन्छन् । प्रेम अन्तरात्माबाट प्रस्फुटित हुने हृदयको झंकार हो । पवित्र प्रेमका लागि भ्यालेनटाइन डे आउनु पर्दैन । धैर्य, आशा, क्षमा, सहिष्णुता, शिष्टता, विनम्रता, अनुग्रह भद्रता करुणशीलता, शौम्यता सबै प्रेमकै अभिव्यक्ति हुन् । सबैभन्दा ठूलो देश प्रेम नै हो ।

## वाइडबडीमा...

वर्षअगाडि खरिद गरेका न्यारो बडी विमानको खरिद प्रक्रियामा संलग्न व्यक्तिहरुले समेत ४ करोड २८ लाख रुपैयाँ घूस लिएको खुलासा भएको छ । थाइ एयरवेजसँगै सुरु भएको नेपाल वायुसेवा निगम त्यसै धराशायी भएको होइन । भ्रष्टाचारकै कारण ४० अर्बभन्दा बढी ऋणमा जाकिएर उठ्न नसक्ने अवस्थामा पुगेको निगमलाई फेरि ब्युँताएर माथि उठाउने हो भने सबै भ्रष्टाचार कण्डको निष्पक्ष छानबिन गरी कसुर गर्नेलाई जेल पठाउनैपर्ने हुन्छ ।

## शम्भुराम...

वि.सं. २०१५ सालमा शम्भुराम पार्टीको तर्फबाट महासभा (संसदको माथिल्लो सदन) सदस्य निर्वाचित भए । वि.सं. २०१६ मा नेपाली कांग्रेसको बीपी नेतृत्वको सरकारले भारतसँग गण्डक सम्झौता गरेपछि त्यो राष्ट्रघाती सम्झौताविरुद्ध नेपाली जनताको संघर्षको नेतृत्व शम्भुरामले गरेका थिए । नेपाल कम्युनिस्ट पार्टीको दोस्रो महाधिवेशनमा रायमाझी समूहले संवैधानिक राजतन्त्रको प्रावधान ल्याएपछि विरोध गर्दै जनगणतन्त्रको प्रस्ताव पारित गरेका थिए । २०४६ सालमा जनआन्दोलन गर्न कम्युनिस्ट जमात नेकपा मालेमा र सर्वहारा पार्टी सम्मिलित संयुक्त राष्ट्रिय जनआन्दोलन स्थापना गरेका थिए । वि.सं. २०४७ मा नेपाली कम्युनिस्ट लिगको स्थापनापछि सो पार्टीको नेतृत्व श्रेष्ठले गरेका थिए । २०६२ माघ १९ गते आफ्नै निवासमा श्रेष्ठको निधन भएको थियो ।

अग्रज कम्युनिस्ट नेता श्रेष्ठको १४ औं स्मृति दिवस कार्यक्रमको प्रमुख आतिथ्यको आसनबाट बोल्दै माले स्थायी कमिटी सदस्य सुरेन्द्र ढकालले- '०४६ सालमा पञ्चायत ढलेको र संविधान बनाउने क्रम चलिरहेका बेला शम्भुराम श्रेष्ठसँग भेट भएको स्मरण गर्नुभयो । ०४७ को संविधानले सार्वभौम सत्ता जनतामा निहित गरेको थियो । त्यसअघि सार्वभौमसत्तामा राजामा निहित थियो । अन्तर्राष्ट्रिय कानुनअनुसार नेपाली भूमिको खोजी गर्न ग्रेटर नेपाल अभियान सुरु गरिसकिएको थियो । सबै राजदुताबासलाई ग्रेटर नेपालबारे पत्र पठाइ सकिएको थियो । यसबारे नेताहरुसँग कुरा गर्ने क्रममा नारायणमान बिजुक्छेलाई भेट्दा शम्भुरामलाई भेट्न सल्लाह दिएका थिए । शम्भुरामले नेपालको सीमा भनेको पूर्व टिस्टा र पश्चिम काँगडा नै हो भनेका थिए । उनले नेपालका कम्युनिस्टहरु भारतपरस्त भएकाले ग्रेटर नेपालको कुरा नउठाएको श्रेष्ठको विश्लेषण थियो । मदन भण्डारीले जनमत संग्रहद्वारा ग्रेटर नेपालको मुद्दा टुंग्याउन सकिन्छ भनेका थिए । भुटानका केही गाउँ पनि नेपालमा पर्थे । ग्रेटर नेपालको अवधारणा आउनासाथ भुटानले त्यहाँबाट नेपालीहरु खेदायो- ढकालले भन्नुभयो ।

ग्रेटर नेपाल बन्यो भने नेपाल बफर स्टेट बन्छ र तिब्बत टुक्र्याउन सकिँदैन भनेर अमेरिका लगायत पश्चिमी मुलुकहरु नेपाललाई चीनविरुद्धको खेलमैदान बनाउन खोजिरहेका छन् । नेपालका दलहरु र तिनका नेताहरु रअ र सिआईएको एजेन्ट बन्दा शम्भुराम त्यता लागेनन् । राष्ट्रवादका पक्षमा लागे र राष्ट्रवादको सोचमा कम्प्रमाइज गरेनन्- ढकालले अगाडि भन्नुभयो । उहाँले एमसीसी चीन घेर्ने रणनीति आइपीएसकै अंग भएकाले नेपालले असंलग्न परराष्ट्र नीति विपरीत त्यसमा जानु हुँदैन भन्नुभयो ।

स्थायी कमिटी सदस्य कृष्ण रानाले क.शम्भुराम आम श्रमजीवी जनताको जीवनस्तर ठूलो हो पद ठूलो होइन भन्ने र पदीय मोह नराख्ने नेता भएको बताउनुभयो । मुलुक रहे क्रान्तिकारी रहलान्, प्रतिक्रान्ति रहला, द्वन्द्व होला, मुलुक नरहे के गर्ने भन्थे शम्भुराम- रानाले भन्नुभयो । कार्यक्रमलाई शम्भुरामकी कान्छी छोरी मधु श्रेष्ठले पनि सम्बोधन गर्नुभएको थियो । काठमाडौं जिल्ला सचिव सिद्धि महर्जनको सभापतित्वमा सम्पन्न सभाको सञ्चालन केन्द्रीय कार्यालय सचिव महेन्द्र शाहले गर्नुभएको थियो ।

## उपत्यकामा...

मुटु र रक्तनलीसम्बन्धी रोगका कारण वनिरहेका छन् ।

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ)ले पीएम २.५ को मात्रा प्रतिघनमिटरहावामा २५ माइक्रोग्राम (२४ घण्टामा) मापदण्ड तोकेको छ । पीएम २.५ को मात्रा प्रतिघनमिटरहावामा ४० माइक्रोग्राम नेपाल सरकाको मापदण्ड छ । काठमाडौं उपत्यकाका ६ स्थानमा राखिएका वायु प्रदुषण मापक यन्त्रहरुमध्ये काठमाण्डौको रत्नपार्कमा राखिएको यन्त्रले पछिल्ला दिनहरुमा हावामा धुलोको कण र सिसाको औसत मात्रा १४० माइक्रोमिटर र २३० टिएसपी हुनु पर्नेमा अहिले ४०० भन्दा वढी देखाउने गरेको छ । वायु प्रदूषणको यो स्तर सरकार आफैंले तोकेको मापदण्डभन्दा अत्याधिक बढी हो ।काठमाण्डौ उपत्यकामा डब्लूएचओको मापदण्डभन्दा छ गुणा बढीसम्म यस्ता धुलाका कणको मात्रा रेकर्ड भएको तथ्यांक छ ।विभिन्न अध्ययनहरुले काठमाण्डौ उपत्यकलाई विश्वका वायु प्रदूषित सहरहरुमध्ये अग्र स्थानमा रहेको देखाएका छन् । हालै स्विजरल्यान्ढका वैज्ञानिकहरूको एक समूहले विश्वका प्रदूषित ३० सहरमा गरेको अध्ययनले काठमाण्डौ उपत्यकालाई सातौ प्रदूषित सहरको रुपमा देखाएको छ, ।

### असरहरू कस्ता छन् ?

काठमाण्डौं उपत्यकामाको वायु प्रदुषणले स्थानियको स्वास्थ्यमा के कस्तो असर परेको छ त्यसको सरकारी स्तरवाट गहन अध्ययन अनुसन्धान नभएको भएता पनि भएका अध्ययन अनुसन्धानले स्थिति गम्भीर रहेको देखाउँछ । अध्ययनहरुले उपत्यकाको हावामा अत्याधिक मसिना प्रदुषक कण रहेको र त्यसले मानव स्वास्थ्यलाई प्रतिकूल प्रभाव पारिरहेको देखाएका छन् ।

उपत्यकाको वायुमा पीएम २.५ भन्दा मसिना धूलोका कणहरु अत्यधिक रहेका कारण उपत्यकावासीहरुमा श्वासप्रश्वास जन्य रोग, फोक्सोको क्यान्सर, मुटु सम्बन्धी रोग कार्डियो भस्कुलर डिजिट बढ्ने, मस्तिष्कघात, प्यारालाइसिस जस्तासमस्याहरु व्यापक रुपमा देखिएका छन् । उपत्यकामा रहेका दीर्घरोगीहरुको स्वास्थ्यमा थप जटिलता निम्तिनुमा वायुप्रदूषण जिम्मेवार देखिएको छ । मधुमेह, मुटुरोगी तथा मिर्गौलाको समस्या भएका दीर्घरोगीलाई वायु प्रदूषणको असर अधिक हूने विज्ञहरु वताउदछन् । यस्तो असरवाट सवै उमेर समूहका व्यक्तिहरु खासगरी वृद्धवृद्धा, गर्भवती महिला त्यसमा अझ कलिला वालवालिकाहरु तथा वढि प्रताडित रहेकापाइएको छ । वयस्कहरुमा प्रदूषणको असर केही समयपछि देखिने भएतापनि बालबालिका, बुढाबुढी र गर्भवती महिलाहरुमा यसको असर तत्कालै देखिने गरेको छ ।

कलिला वालवालिकाहरुकोफोक्सो सानो हुने हुँदा उनीहरूले वयस्कको तुलनामा दोब्बर सास फेर्ने गर्दछन् । उमेरसँगै आउने प्रतिरक्षा प्रणालीको अभावले गर्दा बालबालिको स्वास्थ्य र स्नायू प्रणालीमा दूषित तथा विषाक्त हावाले असर गर्नेगरेको छ ।वायु प्रदूषणले श्वासप्रश्वासजन्य संक्रमण मात्र गराउने नभएर छाला, नाक,कान, घाँटी र आँखामा समेत गम्भीर समस्याहरु उत्पन्न गराउनुका साथै वायु प्रदुषणले मानिसको रक्तधमनीलाई साँधुरो बनाउने भएकाले मुटुले रगत पम्प राम्रो सँग गर्न नसक्ने हुदाउच्च रक्तचाप, हृदयाघात का साथै मस्तिकघातको खतरा बढ्ने अध्ययनहरुले देखाएका छन् ।

वायु प्रदुषणका कारण नेपालमा सन् २०१८ मा ३७ हजार जनाको मृत्यु भएकोडव्ल्यूएचओले सार्वजनिक गरेको एक तथ्याङ्कमा उल्लेख छ । डव्ल्यूएचओका अनुसार विश्वमा प्रत्येक नौ जनामा एक जनाको मृत्युको कारण वायु प्रदूषण हो । फोक्सो रोगबाट मृत्यु हुनेमध्ये ४३ प्रतिशत त्यस्तै मस्तिस्कघातबाट हुने मृत्युमध्ये २४ प्रतिशत, मुटु रोगकोमध्ये २५ प्रतिशत र फोक्सो क्यान्सरबाट मृत्यु हुनेमध्ये २९ प्रतिशतको कारण प्रदूषित वायू रहने गरेको डव्ल्यूएचओले जनाएको छ ।

### समस्याको कारण के हो त ?

बर्षायाममा पानी र गर्मीयाममा हावाले वायु प्रदुषणलाई प्राकृतिक तवरले केहिहद सम्म नियन्त्रण गरे पनि जाडो मौसममा त्यो अवस्था नरहने भएकाले प्रत्येक वर्ष जाडोयाम सँगसगै उपत्यकामा वायु प्रदुषण अझ उच्च हुने गरेको छ । उपत्यकाको वायु प्रदुषण जाडो मौसममा धरातलिय बनौटका कारण अन्य क्षेत्रमा फैलिन नपाई लामो समयसम्म वायुमण्डलमै तैरिएर रहने गरेकाले अवस्था थप भयावह वनेको हो ।

### न्युनिकरणका प्रयासहरू कस्ता छन् ?

मुलुकभर अझ त्यसमा पनि उपत्यकामा भयावह अवस्थामा रहेको वायु प्रदुषण न्यूनीकरण कालागि सरकारी पहल उपलव्धीमूलक नदेखिएता पनि थोर वहुत प्रयास भने हुदै आएको छ । यस क्रममा सरकारले देशभर १९ मध्ये उपत्यकालाई लक्षित गरी धुलिखेल, पुल्चोक, रत्नपार्क, त्रि. वि. कीर्तिपुर, सैंवु र सैनिक विद्यालय भक्तपुर समेत गरी ६ स्थानमा प्रदूषण मापन केन्द्र स्थापना गरी वायु प्रदुषणको अवस्थाको वारेमा सेन्ट्रल सिस्टममा डाटाजाने र आम सर्वसाधारणले प्रदूषण अवस्थाको जानकारी लिन सक्ने व्यवस्था मिलाएको छ । यस्तै सरकारले वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड र निर्देशिका जारी गरेको छ ।

यसैगरी सवारी प्रदुषण मापदण्ड २०५६ जारी गरी यूरो वानलाई नेपाल आयात हुने सवारी प्रदुषणको मापदण्ड तोकेकोमा सो मापदण्डलाई प्रतिस्थापित गरी वनेको नेपाल सवारी प्रदूषण मापदण्ड २०६९ ले यूरो थ्री लाई आयतित सवारी साधन प्रदुषणको मापदण्ड वनाएको छ । सो मापदण्ड हाल परिमार्जन भई यूरो फोर आयत सवारी प्रदुषणको नयाँ मापदण्ड कायम गरी सवारी प्रदूषण निर्देशिका २०७४ जारी गरेको छ । यस्तै सवारी यस्तै उपत्यकामा गुड्ने सवारी साधनहरुको प्रदूषण परीक्षण कार्य यातायात व्यवस्था कार्यालय वागमतीले वि.सं. २०५६ देखि शुरु गरी परीक्षणमा सफल भएका सवारी साधनहरुलाई हरियो स्टीकर दिने व्यवस्था गरेको छ । ईटाभट्टावाट हुने वायु प्रदूषण न्यूनिकरण गर्न सरकारले ईंटा भट्टा सञ्चालन अनुमति सम्बन्धी मापदण्ड लागु गरेको छ । मापदण्ड अनुसारमापदण्ड अनुसार इँटाभट्टा खोलाकिनार एवं पक्की पुलबाट ५ सय मिटर, शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वको स्थान, सुरक्षा निकाय, घनाबस्ती, वन,निकुञ्ज, आरक्षणबाट २ किलोमिटर भित्र सञ्चालन गर्न नपाउने, भट्टा वरपर धूलो रहित सडक तथा हरियाली वनाउनु पर्ने लगायतका वातावरण मैत्री व्यवस्था छ । यसैगरी उपत्यकामा २० बर्ष भन्दा पुराना गाडीले प्रदुषण गराएको भन्दै ०७१ सालमा त्यस्ता गाडी हटाउने निर्णय सरकारले गरेको छ । फोहरमैला व्यवस्थापन ऐन, २०६८र नियमावली २०७० जारी गरी फोहरमैला व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गरिएको छ ।

### चुनौतीहरू के के छन् त ?

नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक प्रदान गरेको छ । वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक संविधानले दिएको छ । बनेका ऐन, कानुन, निर्देशिका तथा मापदण्डहरुमा प्रदुषण नियन्त्रणका लागि प्रसस्त प्रावधानहरु राखिएका छन् तर, त्यो कार्यान्वयनको चरणसम्म पुग्न नसक्नु नै उपत्यकाको वायु प्रदूषणको सवैभन्दा ठूलो चुनौती हो । सरकारी निणर्यका साथै ऐन कानूनको कार्यान्वयन पक्ष अत्यान्तै फितलो रहनु र अनूगमनमा देखिएको सरकारी उदाशिनताले उपत्यकाको वायु प्रदूषणको अवस्था सन्तोषजनक वन्न नसकेको हो ।

सरकारले दशकौ देखि सडक मर्मत तथा सुधार गर्न विदेशबाट नेपालमा पैठारी हुने पेट्रोलमा प्रति लिटर चार रुपैयाँ र डिजेलमा प्रति लिटर दुई रुपैयाँ सडक मर्मत तथा सुधार दस्तुर भन्सार बिन्दुमै लगाएर असुलउपर गर्दै आएको छ । उपत्यकामा विक्रीहुने पेट्रोल तथा डिजेलमा प्रति लिटर पचास पैसाका दरले आर्थिक वर्ष २०६५/६६ बाट प्रदुषण नियन्त्रण शुल्क लगाई असुलउपर गरिदै आएको प्रदूषण कर आर्थिक वर्ष ०७६/७७ देखि एक रुपैया पचास पैसा पुऱ्याईएको छ । यसरी संकलन भएको रकम अहिले करिव १० अर्व भन्दा वढि पुगिसक्दा पनि प्रदूषण नियन्त्रणमा ठोस कार्ययोजनाका साथ रकम परिचालनमा सरोकारवाला सरकारी निकायको निस्क्रियता देखिएकोछ ।यस्तै सरकारले उपत्यकाको वायु प्रदूषण अवस्थाको अनुगमन गर्ने गरेता त्यसको रोकथामका लागि कुनै पहल हुन नसक्नु लाई उचित मान्न सकिन्न । यसैगरी सरकारले सवारी प्रदुषण मापदण्ड २०७४ जारी गरी यूरो फोर आयतित सवारीको नयाँ मापदण्ड तोक्दा समेत यो कार्यान्वयनमा आउन नसकेको कारणले पेट्रोलियम पदार्थको आयात युरो-फोर स्तरको भएता पनि वर्षेनी भित्रिने करीव ४ लाख सवारीसाधन भने युरो-थ्री स्तरका नै भित्रिरहनु रहस्यमय छ । यस्तै सडकमा धूवाँको मुस्लो छोड्ने सवारी साधनले समेत हरियो स्टीकर प्रयोग गरी सडकमा निर्वाध पहुँच पाईरहनुले सरोकारवाला सरकारी निकायहरुको अनुगमन अवस्थालाई छर्लङ्गपार्दछ । यसैगरी उपत्यकामा रहेका ११२ वटा ईंटाभट्टाहरुबाट प्रतिवर्ष २,६८० टन त्कए, १९४१ टन एःज्ञण प्रदुषकहरु उपत्यकाको हावामा प्रवेश गरी उपत्यकाको वायु प्रदूषित गर्ने ईंटा उद्योगको प्रदुषण कम गराउन मापदण्ड लागु गरेता पनि फितलो कार्यान्वयन एवं अनुगमनका कारण प्रदूषणको असर वढ्दो छ ।

### समस्याको सामधान के त ?

उपत्यकाको वायु प्रदूषणमा सर्वाधिक जिम्मेवार रहेकासवारी साधनलाई प्रदुषणको कारण बन्न नदिन सरकारले जारी गरेका नियम, कानुन, निर्देशिका तथा मापदण्डहरुका साथै भएका वातावरणमैत्री सरकारी निर्णयहरुको सही अर्थमा कार्यान्वयन हुनसकेमा मात्र पनि उपत्यकाको वायू प्रदूषण अपेक्षित दायरामा आउन सक्छ । यसका लागि वातावरण विभाग, यातायात कार्यालय, ट्राफिक कार्यालय जस्ता सरोकारवाला निकायहरुको एकीकृततथा प्रभावकारी पहल आवश्यक छ । यस्तै उपत्यकालाई लक्षित गरी ६ स्थानमा राखिएका प्रदूषण मापन केन्दवाट प्राप्त तथ्यांकको शुक्ष्म विश्लेषण गरी वायु प्रदुषणको नियन्त्रणका लागि कदम चाल्न जरुरी छ । यसैगरी सरकारले वि.सं.२०७१ सालमा नै निर्णय गरिसकेको २० वर्ष पुराना सवारी साधनहरुलाई विस्थापित गर्ने निर्णय तत्काल कार्यान्वयनमा ल्याई सफा निजी तथा सार्वजनिक विद्युतिय सवारीसाधनको प्रवर्द्धनमा जोड दिनु पर्दछ ।यस्तैसडक सुधार तथा प्रदुषण करका नाममा उठाईएको रकम सोही क्षेत्रमा नै परिचालन गरी विद्युतिय सवारीसाधनका लागि चार्जिङ्ग स्टेशनहरु वढाउने, सडक सफा गर्ने ब्रुमरको संख्या थप गरी सडकको नियमित सरसफाईमा लगाउने, सडकको स्तरोन्नती गर्ने, हरियाली प्रवर्द्धन गर्ने लगायतका वातावरण मैत्री कार्यले उपत्यकाको वायु प्रदूषणको अवस्थामा परिवर्तन आई स्वच्छ वातावरणमा वाँच्न पाँउने नागरिकको संविधान प्रदत्त हकले साचो अर्थमा सार्थकता पाँउन सक्छ ।

त्यस्तै उपत्यकाको वायु प्रदूषणको स्रोत मानिएका ईंटा उद्योगको प्रदुषण कम गर्न ईटा भट्टाका लागि लागू भएको मापदण्ड कार्यान्वयन तथा अनुगमनलाई प्रभाकारी तुल्याउदै मापदण्ड अनुकूल नरहेका भट्टाहरुलाई तुरुन्त वन्द गर्नु पर्दछ । वायु प्रदूषणले आममानिसको जनस्वास्थ्यमा पर्न सक्ने असरहरुको वारेमा व्यापक रुपमा सचेतना अभिवृद्धि गरी प्रदूषण धेरै हुने समयमा सकेसम्म बाहिर धेरै नहिँड्ने, हिड्नैपरे गुणस्तरिय मास्कको प्रयोग गरेर मात्र हिँड्ने, सकभर हिउँदभर मर्निङ वाकमा नजाने जस्ता उपाय अवलम्वन गरे मात्र पनिवायु प्रदूषणबाट जोगिन सकिन्छ ।

*(लेखक वातावरण पत्रकार हुन्)*